जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ •अंक २०१ • २०८१ साल पुस २ गते मंगलबार (17 December, Tueday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

# अन्तराष्ट्रिय रामायण काँन्क्लेव यसै साता

## उत्तरप्रदेश सरकारको आयोजना, अनुप जलौटाको भजन सन्ध्या

**टुडे समाचारदाता**

जनकपुरधाम । भारतको उत्तरप्रदेश सरकारको पर्यटन विभागको आयोजनामा जानकी जन्मभूमि जनकपुरधाममा यसै हप्ता अन्तर्राष्ट्रिय रामायण काँन्क्लेवको आयोजना हुन लागेको छ।

भारत सरकारको रामायण सर्किट अन्तरगतको मार्गमा जनकपुरधाम पनि समावेश छ।

उत्तरप्रदेशको पर्यटन संस्कृति विभाग, जानकी मन्दिर र जनकपुरधामको संयुक्त आयोजनामा हुन लागेको दुई दिवसीय काँन्क्लेवमा उत्तरप्रदेश राज्यका मन्त्रीहरु पनि आउने बताइएको छ।

उत्तरप्रदेशको अयोध्या र जनकपुरधामबीच त्रेतायुगकालीन सम्बन्ध रहेको छ ।त्रेता युगमा भगवान रामले भगवान शिवको धनु( पिनाक)लाई भंग गरेपछि मिथिलाकी युवराज्ञी सीतासित विवाह सम्पन्न भएको थियो।

भारत सरकारले रामायणमा आधारित धार्मिक, सांस्कृतिक महत्व भएका स्थलहरुलाई धार्मिक पर्यटकीय स्थलको रुपमा विकास गर्न रामायण सर्किट बनाएको छ ।रामायण सर्किटको प्रमुख स्थानहरु मध्ये जनकपुरधाम र धनुषाधाम एक हो।

विश्वव्यापी मर्यादा पुरुषोत्तम राम अन्तर ाष्ट्रिय रामायण काँन्क्लेव जनकपुरधाम समेत भारतको ६ राज्य र श्रीलंकामा समेत गरी १० स्थानमा आयोजना गरिनेछ ।जनकपुरधाममा पुसको ६ र ७ गते जानकी मन्दिर परिसरमा काँन्क्लेवको आयोजना हुनेछ। काँन्क्लेवमा भजन सम्राट पद्मश्री अनुप जलोटाको भजन सन्ध्या कार्यक्रम हुनेछ। मिथिला नाट्यकला परिषदले जानकी लीला र मथुराको बमर सिया र धोबियाले लोकनृत्य प्रस्तुत गरिने कार्यक्रम रहेको छ।

काँन्क्लेवको उद्घाटन सत्रको अध्यक्षता मधेश प्रदेशकी राज्यपाल श्रीमती सुमित्रा भण्डारीले गर्ने छिन् ।कार्यक्रमको मुख्य अतिथि मधेश प्रदेशका मुख्यमन्त्री सतीश कुमार सिंह र विशिष्ट अतिथि जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज कुमार साह रहेका छन्।

अन्तर्राष्ट्रिय रामायण एवं वैदिक शोध संस्थान संस्कृति विभाग उत्तरप्रदेशका निर्देशक सन्तोष कुमार शर्मा, संस्कृति उत्तरप्रदेश निर्देशक शिशिर र संस्कृति पर्यटन मन्त्रालय उत्तर प्रदेशका प्रमुख सचिव समेत रहेका अन्तर्राष्ट्रिय रामायण एवं वैदिक शोध संस्थान अयोध्याका अध्यक्ष मुकेश कुमार मेश्राम र जानकी मन्दिरका महन्त रामतपेश्वर दास वैष्णवको संयुक्त नामबाट आमन्त्रण कार्ड वितरण गरिएको छ।

गत वर्ष उत्तरप्रदेशको अयोध्यामा भगवान रामललाको नवनिर्मित मन्दिरमा प्राण प्रतिष्ठा भएसँगै जनकपुरधाममा आउने भारतीय पर्यटकको संख्यामा भारी बृद्धि भएको छ ।भारतीय रेलवेद्वारा सञ्चालित रामायण सर्किटसित जोडिएको रेल भ्रमणका श्रद्धालुहरुको एउटा गन्तव्य जनकपुरधामपनि रहेको छ।

केही वर्षदेखि उत्तरप्रदेशमा आयोजना गरिने दीपोत्सव कार्यक्रममा जनकपुरधामबाट मिथिला नाट्यकला परिषदले जानकी लीला गर्दै आएको छ ।जानकी चरित्रमा आधारित जानकी लीलाले त्रेता युगमा सीताको जन्मदेखिको संस्मरण देखाइन्छ । साँझ ३ बजेदेखि हुने काँन्क्लेव शनिवारदेखि आइतवार सम्म चल्नेछ।

उत्तरप्रदेश सरकारको सकृयतामा जनकपुरधाममा पहिलो पटक अन्तर्राष्ट्रिय रामायण काँन्क्लेव हुन लागेको छ ।यसले नेपाल र भारतबीचको प्राचीन धार्मिक, सांस्कृतिक सम्बन्धलाई प्रगाढ बनाउने जानकी मन्दिरका महन्त रामतपेश्वर दास वैष्णवले बताए।

'रामायणकालीन संस्मरणलाई ताजा बनाइराख्न जनकपुरधाममा रामनवमी, जानकी नवमी र सीताराम विवाह महोत्सवको भव्य आयोजना गरिन्छ' उनले भने, अयोध्याबाट जन्ती आउने र जनकपुरधाममा मिथिला रीति अनुसार हुने विवाह महोत्सवले पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुर्‍याइरहेको छ।

उत्तरप्रदेश संस्कृति विभागका अधिकारीहरु सोमवार जनकपुरधाम आईपुगेका छन् ।कार्यक्रमको स्वरुप, तयारी लगायतका विषयमा सरोकारबलाहरुसित छलफल सुरु गरिएको छ।

कार्यक्रममा उत्तर प्रदेश सरकारको संस्कृति एवं पर्यटन मन्त्री जयवीर सिंहको सहभागिता रहने निश्चित भइसकेको छ ।कार्यक्रममा अन्य भारतीय अधिकारी र विशिष्ट व्यक्तिहरुको सहभागिता हुने बताइएको छ।

## योगी आउने

**टुडे समाचारदाता**

जनकपुरधाम ।भारतको उत्तरप्रदेशराज्यकामुख्यमन्त्री योगी आदित्यनाथ रामायण काँन्क्लेवको उदघाटनमा सहभागी हुने बताइएकोछ।



शनिवार जनकपुरधाममा काँन्क्लेवको समुदघाटनको कार्यक्रम रहेको छ ।मुख्यमन्त्री आउने निश्चित भइनसकेको बताउँदै जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशन दास वैष्णवले मंगलवार भ्रमणबारे टुंगो लाग्ने बताएका छन्।

मुख्यमन्त्री योगी आदित्यनाथ तीनवर्ष पूर्व सीताराम विवाह महोत्सवमा सहभागी हुन जनकपुरधाम आएका थिए ।मधेश प्रदेशका तत्कालीन मुख्यमन्त्री लालबाबु राउतको आमन्त्रणमा मुख्यमन्त्री योगी विवाह महोत्सवमा सहभागी भएका थिए।










# अङ्गदान र प्रत्यारोपणसम्बन्धी जानकारी अब अनलाइनबाटै

काठमाण्डु । नेपालमा अङ्ग प्रत्यारोपण गर्नुपर्ने बिरामी तथा दान गर्ने दाताले अब अनलाइनबाटै जानकारी लिनसक्ने भएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्वास्थ्य सेवा विभाग टेकु तथा सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रको संयुक्त नियन्त्रणमा रहनेगरी थालेको अनलाइन सेवाको स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले आज एक कार्यक्रमबीच उद्घाटन गर्नुभएको छ ।



उहाँले यस सेवाबाट देशभरका नागरिक लाभान्वित हुने गरी सेवा विस्तार गर्न मन्त्रालयले आवश्यक काम गरिरहेको बताउनुभयो । "देशमा मिर्गौला प्रत्यारोपण गरेका ९८ प्रतिशत तथा फोक्सो प्रत्यारोपणपछि ९० प्रतिशत नागरिक सामान्य जीवन बाँचिरहेका छन् । हामी प्रत्यारोपण सेवा अझ विस्तार गर्न प्रतिबद्ध छौँ । त्यसका लागि हाल भक्तपुर स्थित केन्द्रका अलावा सरकार स्तरमा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान र सुर्खेत प्रादेशिक अस्पतालले अङ्ग प्रत्यारोपण सेवा दिइरहेकामा भेरी अस्पताल घोराही दाङ, सुदूरपश्चिम प्रदेशमा धनगढीस्थित सेती प्रादेशिक अस्पताल तथा बागमतीको भरतपुर अस्पतालमा समेत मानव अङ्ग प्रत्यारोपण सेवा विस्तार गर्ने लक्ष्य छ", मन्त्री पौडेलले भन्नुभयो ।

अनलाइनमार्फत अङ्गदान गर्नेले दर्ता गराउन सक्ने र लिन चाहनेले त्यसबारे जानकारीसमेत पाउने व्यवस्था गरिएको छ ।

मस्तिष्क मृत्युपश्चात् तत्काल जानकारी अनलाइनमा राखिने भएकाले यसले प्रत्यारोपणका लागि बिरामी उपचाररत अस्पतालले समेत तत्काल जानकारी प्राप्त गर्ने सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रका प्रमुख डा पुकारचन्द्र श्रेष्ठले बताउनुभयो । नेपालमा १२ वर्षमा सहिद धर्मभक्त केन्द्रमार्फत एक हजार ३३५ मा मिर्गौला तथा ३० जनामा फोक्सो प्रत्यारोपण भइसकेको छ । देशको सरकारी प्रत्यारोपणसम्बन्धी एक मात्र विशिष्टीकृत यस केन्द्रले बर्सेनि तीन हजार अपेक्षितमध्ये दुई सयलाई मात्र मिर्गौला प्रत्यारोपण सुविधा दिन सकेको छ ।

दाता अभावमा अन्य अस्पतालले एक सय जनालाई मात्र अङ्ग प्रत्यारोपण गर्न सकेका छन् । जीवित व्यक्तिले परिवारलाई मात्र दिन पाउने तर मस्तिष्क मृत्यु भएपछि दान गर्ने दाता कम भएका कारण कैयौँले दाता अभावमा ज्यान गुमाउनु परिरहेको त्यस अवसरमा जानकारी दिइयो । दाता, लिन चाहने बिरामी र अस्पताल बढ्दै जाँदा अनलाइन प्रणालीले ताजा जानकारी दिने भएकाले यसले धेरैको ज्यान बचाउन मद्दत गर्ने विश्वास गरिएको केन्द्रकी मिर्गौला रोग विशेषज्ञ डा कल्पना श्रेष्ठले बताउनुभयो । "एकीकृत अनलाइन प्रणालीले अस्पताल र बिरामी दुवैलाई धेरै सजिलो बनाउँछ । यसबाट धेरैजना लाभान्वित हुने हाम्रो विश्वास छ", उहाँले भन्नुभयो ।रासस

# नेपाल कबड्डी लिग (एनकेएल) : ६ टिममा ८४ खेलाडीको घोषणा

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल कबड्डी लिग (एनकेएल) को पहिलो संस्करणको लागि टिमका प्रशिक्षक, मार्की खेलाडीको घोषणासँगै खेलाडीको ड्राफ्ट आइतबार सफलतापूर्वक सम्पन्न गरिएको छ ।ड्राफ्टबाट ६ टिमले ८४ खेलाडी छनोट गरेका छन् ।




एस्ट्रोनिक्स म्यानेजमेन्ट प्रालिले आयोजना गर्ने एनकेएलमा ६ सहरका ६ टिमले प्रतिस्पर्धा गर्नेछन् । जसमा विराटनगर ब्यान्डिट्स, जनकपुर नाइट्स, काठमान्डु माभरिक्स, पोखरा लेकर्स, हिमालयन रेइडर्स र धनगढी वाइल्डक्याट्स छन् ।

विराटनगरले लोकबहादुर विष्ट, जनकपुरले पार्वती राई, काठमान्डुले सरोजकुमार सिंह, पोखराले विष्णुदत्त भट्ट र धनगढीले महेश बोहोरालाई प्रशिक्षक बनाएका छन् ।बुटवलको पूर्वखेलाडी हुन् ।

प्रशिक्षकपछि मार्की खेलाडी घोषणा गरिँदा विराटनगरमा कल्याण भुजेल, धनगढीमा पदमबहादुर विष्ट, हिमालयनमा गणेश पार्की, जनकपुरमा रामु टमाटा, काठमान्डुमा घनश्याम रोका मगर र पोखरामा प्रदीप मिजार परेका छन् । भारतको प्रो कबड्डी लिगमा आबद्ध घनश्याम नेपाली राष्ट्रिय टिमका कप्तान पनि हुन् ।

प्रशिक्षक र मार्कीको छनोटपछि एनकेएलमा खेलाडीको ड्राफ्ट गरियो । ड्राफ्टमा ९२ जना नेपाली र २५ बिदेशी गरी कुल १ सय १७ खेलाडी रहेका थिए । बिदेशी खेलाडीमा थाइल्यान्ड, श्रीलंका, बंगलादेश र केन्याका थिए ।

| नेपाल कबड्डी लिग (एनकेएल) | | |
|---|---|---|
| टिम | प्रशिक्षक | मार्की |
| विराटनगर ब्यान्डिट्स | लोकबहादुर विष्ट | कल्याण भुजेल |
| जनकपुर नाइट्स | पार्वती राई | रामु टमाटा |
| काठमान्डु माभरिक्स | सरोजकुमार सिंह | घनश्याम रोका मगर |
| पोखरा लेकर्स | विष्णुदत्त भट्ट | प्रदीप मिजार |
| हिमालयन रेइडर्स | सन्दीप पन्त/पोथुगान्ती सतिशकुमार | गणेश पार्की |
| धनगढी वाइल्डक्याट्स | महेश बोहोरा | पदमबहादुर विष्ट |

हिमालयन रेइडर्सले दुई जना प्रशिक्षक राखेका छन् । जसमा सन्दीप पन्त र भारतका पोथुगान्ती सतीशकुमार छन् ।

१९ औं एसियाली खेलकुदमा नेपाली महिला टिमले कांस्यपदक जित्दाकी प्रशिक्षक पार्वतीले पुरुष टिम सम्हाल्ने संभववत् पहिलो नेपाली प्रशिक्षक बन्ने अवसर पाएकी छन् भने भारतका सतीशकुमार प्रो कबड्डी लिगका

प्रशिक्षकहरूले आ-आफ्नो रणनीतिअनुसार ड्राफ्टबाट ६ टिमले ८४ खेलाडी लिएका छन् । जसमा ६६ नेपाली र १८ जना बिदेशी खेलाडी छन् । प्रत्येक टिममा १४ खेलाडी छन् । हरेक टिमले २ देखि ४ जनासम्म बिदेशी खेलाडी लिएका छन् ।

कार्यक्रमका प्रमुख अथितिका राष्ट्रिय खेलकुद परिषदका सदस्यसचिव टंकलाल घिसिङले भने, 'निजी क्षेत्रबाट देशको खेलकुदको लागि ठूलो योगदान भइरहेको छ । ठूला कार्यक्रम आइरहेका छन् । यसमा एनकेएल पनि आएको छ । एनकेएलको सुरुआतले कबड्डीलाई नेपालमा विकास, विस्तार र व्यावसायिकताको मार्गमा लाने विश्वास छ ।'

आयोजक एस्ट्रोनिक्स म्यानेजमेन्टका चेयरमेन अमित बेगानीले भने, 'मधेशमा निक्कै लोकप्रिय खेलको रुपमा रहेको कबड्डीलाई हामीले नयाँ उचाई दिनको लागि एनकेएल ल्याएका छौं । यसले कबड्डी खेलेरै पनि खेलाडीले केही गर्नसक्छ भन्ने देखाउन चाहान्छौं । वास्तवमै हामी कबड्डीलाई एनकेएलमार्फत् व्यावसायिक खेलको रुपमा स्थापित गर्न चाहान्छौं ।'

# नेपालका हिमाली क्षेत्रमा जलवायु परिवर्तनको अवस्थाबारे अनुसन्धान गर्न परराष्ट्रमन्त्रीको आग्रह

**टुडे समाचारदाता**

काठमाण्डु । परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले नेपालका हिमाली क्षेत्रमा जलवायु परिवर्तनको अवस्था, यसको संवेदनशीलता र जोखिमबारे थप अनुसन्धान गर्न विश्वका अनुसन्धान संस्थाहरुलाई आग्रह गर्नुभएको छ ।

जर्मनीको पोट्सडाममा अवस्थित जलवायुसम्बन्धी अनुसन्धान संस्थामा सोमबार भएको अन्तर्क्रियामा उहाँले भन्नुभयो "जलवायु परिवर्तनको असरका कारण नेपाल पछिल्लो समय के कसरी प्रभावित भएको छ र कस्तो जोखिममा छ भन्ने बारेमा नेपालका हिमाली क्षेत्र र समुदायमा अनुसन्धान गर्न म विश्वका अनुसन्धान संस्थाहरुलाई आग्रह गर्दछु ।"



जर्मन रिसर्च सेन्टर फर जियोसाइन्सेस, जिएफजेडका जियोमोर्फोलोजी विभाग प्रमुख प्रा डा निल्स होभियस, परियोजना तथा अन्तर्राष्ट्रिय विभाग प्रमुख डा लुडविग स्ट्रोइनक लगायतसँगको भेट र अन्तर्क्रियाका क्रममा मन्त्री डा राणाले सो आग्रह गर्नुभएको हो ।

उक्त संस्थाका जलवायु विज्ञहरुसँग उहाँले हाल नेपाल जलवायु परिवर्तनको असरको चपेटामा परेको र यसका कारण पछिल्ला बर्षहरुमा अकल्पनीय क्षति व्यहोरिरहेको जानकारी गराउँदै उहाँले यो समस्या समाधानका लागि थप अनुसन्धान र सहयोगको अपेक्षा गरिएको बताउनुभएको हो ।

सो छलफलका क्रममा नेपालमा भू-प्राविधिक सङ्कटकालीन अवस्थाहरू र जोखिम न्यूनीकरणका लागि बाढीपहिरो नियन्त्रणसम्बन्धी पूर्व चेतावनी प्रणालीका विषयमा कुराकानी भएको थियो । नेपाल र जिएफजेड पहिरोको पूर्व चेतावनी प्रणालीका क्षेत्रमा काम गर्दै आएका छन् ।

त्यस अवसरमा बाढीपहिरो तथा अन्य जोखिमको खतरा र बाढी नियन्त्रणका लागि पूर्व चेतावनी प्रणालीको अवस्था र प्रगतिबारे छलफल एवं समीक्षा भएको थियो । यसबारे गत जुनमा राष्ट्रपति रामचन्द्र पौडेलको भ्रमणका क्रममा पनि सो संस्थाले जलवायु परिवर्तनको असरबारे प्रस्तुति दिएको थियो । सो समयमा पनि नेपालमा जलवायु परिवर्तनको असर र यसको न्यूनिकरणका सम्बन्धमा छलफल भएकाले त्यसको 'फलो अप' स्वरुप आज मन्त्री डा देउवाले उहाँहरुसँग छलफल गर्नुभएको हो ।

जलवायु सम्बन्धी विश्वप्रसिद्ध यी संस्थाहरूले जल सम्पदा एवं जल चक्रको अवस्था, बाढी पहिरो, वायुमण्डलीय प्रदूषण र जलवायु परिवर्तन तथा यसका असरहरुका बारेमा अध्ययन अनुसन्धान गर्ने गर्दछन् ।

मन्त्री डा देउवाले जलवायु परिवर्तनका विषयमा नेपालले अन्तर ाष्ट्रिय समुदायको समन्वयमा रहेर आफ्ना प्रतिबद्धताहरु अनुरुप काम गरिरहेको र सबैजसो राष्ट्रसङ्घीय जलवायु सम्मेलन एवं बैठकहरूमा सक्रिय एवं उच्चस्तरीय सहभागिता जनाउँदै आएको बताउनुभयो ।

नेपालले जलवायु न्याय, पर्वतहरूको संरक्षण एवं पर्याप्त तथा दिगो जलवायु वित्तका लागि निरन्तर वकालत गरिरहेको र गत हप्तामात्र नेदरल्याण्डको हेगस्थित अन्तर्राष्ट्रिय अदालतमा आफूले नेपालको जलवायु न्यायको माग दाबी गरेको जानकारी पनि उहाँले दिनुभयो ।

जलवायु परिवर्तनका कारण विशेषगरी ग्रामीण क्षेत्रमा बसोबास गर्ने महिला तथा बालबालिका, सीमान्तकृत समुदाय एवं हिमाली बस्तीहरु बढी प्रभावित भएका उहाँले जानकारी गराउनुभयो । सो अन्तर्क्रिया कार्यक्रममा जर्मनीका लागि नेपाली राजदूत डा शैल रुपाखेती पनि सहभागी हुनुहुन्थ्यो ।

## गौतमबुद्ध क्रिकेट रङ्गशालामा प्यारापिट निर्माण सुरु

भरतपुर । चितवनको भरतपुर-१५ स्थित रामपुरमा निर्माणाधीन गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशालामा प्यारापिट निर्माण सुरु भएको छ । अहिले स्ट्याण्ड-१ मा प्यारापिट निर्माण सुरु भएको हो । त्यसपछि क्रमशः २, ३ र ४ नम्बर स्ट्याण्डमा प्यारापिट निर्माण थालिने छ ।

भिआइपी टावर १ मा उपर बीमको काम अन्तिम चरणमा पुगेको छ । लगतै पहिलो तलाको काम अघि बढ्ने प्रोजेक्ट म्यानेजर इञ्जिनियर वीरेन्द्रकुमार यादवले जानकारी दिनुभयो । उहाँका अनुसार टावर-२ को भने लोवर बीमको काम अन्तिम चरणमा पुगेको छ ।

मैदानको कामअघि बढाउन माथिल्लो भागको माटो निकालिएको छ । अब छिट्टै पानी निकासका लागि उच्चस्तरीय प्रविधि जडान गर्ने तयारी रहेको यादवले बताउनुभयो ।

आर्थिक अभावका कारण धुर्मुस सुन्तली फाउण्डेशनले काम स्थगित गर्दै स्वामित्व हस्तान्तरण गरेपछि बागमती प्रदेश र सङ्घीय सरकारसँग समन्वयमा भरतपुर महानगरपालिकाले रङ्गशाला निर्माण अगाडि बढाएको हो । नयाँ सम्झौताअनुसार भइरहेको काम हालसम्म १३ प्रतिशत सकिएको भरतपुर महानगरपालिकाका सिनियर डिभिजन इञ्जिनियर सन्तोष आचार्यले जानकारी दिनुभयो ।

रङ्गशाला निर्माणको जिम्मा पाएको हिमालयन कालिञ्चोक बीबीआर जेभीले दुई वटा भीआइपी टावर, १० हजार क्षमताको प्यारापिट, मैदान र पीच निर्माणको काम गर्नेछ । धुर्मुस सुन्तली फाउण्डेशनले यसअघि नै पाँच हजार क्षमताको प्यारापिट निर्माण गरिसकेकाले यो काम सकिएपछि रङ्गशालाको कूल क्षमता १५ हजार पुग्नेछ । रासस

# गणपूरक संख्या नपुगेपछि अर्थसमिति बैठक स्थगित

काठमाण्डु । गणपूरक संख्या नपुगेपछि अर्थ समितिको सोमबारको बैठक स्थगित भएको छ । सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक, २०८० माथि संशोधनकर्तासँग छलफल गर्न समितिको बैठक डाकिएको थियो । तर गणपूरक संख्या नपुगेपछि अर्को सूचना नभएसम्मका लागि सोमबारको बैठक स्थगित भएको सभापति सन्तोष चालिसेले जानकारी दिनुभयो ।



प्रतिनिधिसभा नियमावली २०७९ ले संसदीय समितिको गणपूरक संख्या समितिको तत्काल कायम रहेको सदस्य संख्याको ५१ प्रतिशत हुनुपर्ने व्यवस्था राखेको छ । समितिको बैठकमा गणपूरक संख्या नपुगेसम्म समितिको सभापतिले बैठकको कार्य स्थगित गर्न वा अर्को कुनै समय वा दिनसम्मको लागि बैठक स्थगित गर्नसक्ने व्यवस्था नियमावलीमा छ ।

अर्थ समितिमा तत्काल कायम सदस्यको संख्या २३ रहेकोमा सोमबारको बैठकमा सभापति चालिसेसहित आठ जनाको मात्रै उपस्थिति थियो । सुरक्षित कारोबार विधेयकमाथि छलफलका लागि उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई पनि बोलाइएको थियो । तर अर्थमन्त्री पौडेल पनि बैठकमा उपस्थित हुनुभएन ।रासस

# नेपाल एसबिआई बैंक लिमिटेड र रेडिसन होटेल काठमाडौंबीच सम्झौता



**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल एसबिआई बैंक लि. र रेडिसन होटेल काठमाडौंबीच बैंकका सम्पुर्ण डेबिट कार्ड र मोबाइल बैंकिङ सेवा प्रयोगकर्ताहरुलाई लक्षित गरी खाध्य तथा पेय पदार्थमा १५५ सम्म छुट दिने सम्झौता भएको छ । उक्त सम्झौतापत्र बैंकका प्रबन्ध संचालक तथा प्रमूख कार्यकारी अधिकृत, दीपक कूमार देको उपस्थितिमा बैंकका प्रमुख संचालन अधिकृत, विकास आनन्द र रेडिसन होटेल काठमाडौंका निर्देशक९खाध्य तथा पेय पदार्थ०,केदार पाण्डेले आदान प्रदान गरेका थिए । उक्त कार्यक्रममा बैंकका प्रमुख व्यवसाय प्रबर्धन अधिकृत, रितेश अर्याल र बैंक तथा होटेलका अन्य वरिष्ठ पदाधिकारीहरु समेतको उपस्थिति रहेको थियो ।

हाल बैंकले १०० शाखा, २२ एक्सटेन्सन काउण्टर, ७ प्रदेश कार्यालय, १९ शाखारहित बैंकिङ सेवा, १२१ एटीएम र १ कर्पोरेट कार्यालय मार्फत सेवा प्रदान गर्दै आएको छ ।


## माइग्रेशन हरायो

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन मिति २०८१/०८/०२ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम : राजन कुमार ठाकुर**
**सिम्बोल नं.: २०५०८०९८**
**रजिष्ट्रेशन नं.: ७५०५५०२११**
**ठेगाना:जि.ध. शहिदनगर न.पा.-७**
**मो.नं.९८१८८८५१००**



## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : अवसर प्राप्त । |
| वृष | : वाद विवादबाट बच्नु । |
| मिथुन | : नयाँ कार्य हुने । |
| कर्कट | : पुरस्कार प्राप्त लाभ । |
| सिंह | : बौद्धिक क्षमता । |
| कन्या | : प्रतिभा सम्पन्नता । |
| तुला | : शिक्षामा उन्नति । |
| वृश्चिक | : पारिवाहिक सुख । |
| धनु | : धन वृद्धि सञ्चय । |
| मकर | : प्रेम प्रसंग, मित्र सुख । |
| कुम्भ | : सुख समृद्धि हुने । |
| मीन | : भ्रमण अवसर हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |




नेपाल पत्रकार महासङ्घ निर्वाचन समिति सिरहा शाखाद्वारा जिल्लाका नवनिर्वाचित पदाधिकारी, प्रदेश परिषद् सदस्य र केन्द्रीय परिषद् सदस्यलाई प्रमाणपत्र प्रदान गरेपश्चात सामूहिक तस्बिरमा नवनिर्वाचित पदाधिकारीहरु। *तस्बिरः रासस*

# संसदीय अभ्यासलाई समृद्ध बनाउन पत्रकारको भूमिका महत्वपूर्णः सभामुख घिमिरे

काठमाण्डु । प्रतिनिधिसभा सभामुख देवराज घिमिरेले संसदीय अभ्यासलाई समृद्ध बनाउन संसदीय पत्रकारको भूमिका महत्वपूर्ण हुने बताउनुभएको छ।

संसदीय मामिला पत्रकार समाजले सोमबार आयोजित कार्यक्रममा 'संसदीय पत्रकारिताः अवधारणा र अभ्यास' विमोचन गर्दै उहाँले संसदीय गतिविधिलाई जनतामाँझ पुऱ्याउन सञ्चार क्षेत्रको भूमिका अहम् रहेको उल्लेख गर्नुभयो। "हामीले सञ्चार क्षेत्रको यही महत्वलाई आत्मसाथ गर्दै लबी पत्रकारिताका लागि नियमावलीमा प्रबन्ध गरिसकेका छौँ, त्यही आधारमा कार्यविधिसमेत बनाइ", सभामुख घिमिरेले भन्नुभयो। शासन प्रणालीका केही कमजोरीलाई देखाएर व्यवस्थामाथि नै प्रश्न उठाइएका बेला यसबारे जनतालाई स्पष्ट पार्ने जिम्मेवारी सञ्चार क्षेत्रको पनि भएको उहाँको भनाइ थियो।

राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहालले समाजद्वारा प्रकाशित पुस्तक संसदीय विषयमा जानकारी राख्ने र स्वयम् सांसदका लागि पनि उपयोगी रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "पुस्तकमा नेपालको संसदीय प्रणालीको खुलापन र विश्वमा यसको अभ्यासबारे थप विषय आउन सकेको भए अझ राम्रो हुने थियो।" अध्यक्ष दाहालले आलोचना जहिले पनि रचनात्मक हुनुपर्ने र त्यसले दिने सन्देश पनि सकारात्मक हुनुपर्ने धारणा राख्नुभयो।

उपसभामुख इन्दिरा रानाले सञ्चार क्षेत्रले सत्य र सकारात्मक सन्देश दिने गरी समाचार सम्प्रेषण गर्नुपर्ने र जनतालाई दिने सूचना दुरुस्त हुनुपर्ने उल्लेख गर्नुभयो। सङ्घीय संसद् सचिवालयका महासचिव पदमप्रसाद पाण्डेले नेपालको संसदीय इतिहासलाई समृद्ध बनाउन सचिवालयले अनुसन्धानका कार्य सुरु गरेको जानकारी गराउनुभयो।

कार्यक्रममा वरिष्ठ पत्रकार हरिबहादुर थापा र जगत नेपाल, राष्ट्रियसभाका पूर्वसचिव राजेन्द्र फुँयाल, समाजका अध्यक्ष मनोज सत्याल, समाजका पूर्वअध्यक्ष नारायण काफ्ले र संसद् सहयोग परियोजनाका राष्ट्रिय परियोजना व्यवस्थापक दिलादत्त पन्तले नेपालको संसदीय अभ्यास, इतिहास, पुस्तक समीक्षा, संसदीय गतिविधि र सञ्चार क्षेत्रको भूमिकालगायत विषयमा आफ्ना धारणा व्यक्त गर्नुभएको थियो।रासस

# दुई हुलाक टिकटमा टाँचा प्रदान

काठमाण्डु । हुलाक सेवा विभागले दुई नयाँ टिकट प्रचलनमा ल्याएको छ।हुलाक सेवा विभागले 'एक सय ५० औँ विश्व हुलाक दिवस', र ' इन्टरपोल एक सयौँ वार्षिकोत्सव' शीर्षकका दुई टिकटमा सोमबार सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङ र मन्त्रालयका सचिव राधिका अर्यालद्वारा टाँचा प्रदान गरिएको छ।



सन् २०२४ का हुलाक टिकटहरूको प्रथम दिवसीय आवरणमा टाँचा प्रदान गरिएको हो । हुलाक विभागअन्तर्गत हालसम्म एक हजार चार सय ५२ प्रकारका हुलाक टिकट छापिसकेको छ । आज टाँचा प्रदान गरिएका हुलाक टिकट रु १० दरका १०/१० लाख प्रकाशनमा ल्याइएका विभागले जनाएको छ ।विश्वस्तरमा हुलाक सेवा र संरचनाको नेतृत्व गर्ने विश्व हुलाक सङ्घ (युपियू) को स्थापना सन् १८७४ अक्टोबर ९ मा भएको हो। यसमा नेपालसहित एक सय ९२ सदस्य राष्ट्र छन् । सङ्घको स्थापनाका अवसरमा प्रत्येक वर्ष अक्टोबर ९ मा विश्व हुलाक दिवस मनाउने गरिन्छ।

यस्तै, सन् १९२३ सेप्टेम्बर ७ मा इन्टरनेसनल क्रिमिनल पोलिस अर्गनाइजेसन (इन्टरपोल) को स्थापना भएको हो । अन्तर्राष्ट्रिय सङ्गठित अपराध, साइबर अपराध, आतङ्कवाद, लागुऔषध, मानव बेचबिखनलगायत सीमापार हुने बहुआयामिक तथा सङ्गठित अपराध नियन्त्रण तथा रोकथामका लागि विश्वव्यपी रूपमा प्रहरी सङ्गठनहरूलाई एकबद्ध गर्ने उद्देश्यला स्थापना भएको जनाइएको छ।

टिकट टाँचा प्रदानपछि मन्त्रालयका सचिव अर्यालले हुलाक विभागको ऐतिहासिक र सांस्कृतिक महत्व रहेको बताउनुभयो। दुई वर्षअघि विदेशबाट हुलाक टिकट छाप्नुपर्ने अवस्था सम्झाउँदै उहाँले सुरक्षण मुद्रण केन्द्रलाई व्यवस्थित गरेर राष्ट्रिय सुरक्षाका अरू कागजातहरू पनि स्वदेशमै छाप्ने तयारी मन्त्रलायले गरिरहेको जानकारी दिनुभयो । "हामीले अब आफ्नै छापाबाट टिकटदेखि रुपैयाँसम्म छाप्नुपर्छ भनेर लागेका छौँ", सचिव अर्यालले भन्नुभयो।

उहाँले केही हुलाक टिकट राजनीतिक परिवर्तनका कारण प्रचलनमा ल्याउन नमिल्ने खालका रहेको जानकारी गराउँदै ती टिकटलाई सङ्ग्रहालयमा सुरक्षित राख्न हुलाक विभागलाई निर्देशन दिनुभयो। उहाँका अनुसार हुलाक टिकट समय, काल र इतिहासको समेत साक्षी हुने हुँदा भावी पुस्ताका लागि टिकट अनुसन्धानको मुख्य आधार हुनसक्ने बताउनुभयो।

हुलाक विभागका महानिर्देशक मनमाया पँगेनी भट्टराईले हुलाकका समस्या र चुनौती अध्ययन गर्दै आधुनिक हुलाक बनाउन भूमिका खेल्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।रासस

# सरकारले खेलाडी, प्रशिक्षक र व्यवस्थापकलगायत ३५ जनालाई सम्मान गर्ने

काठमाण्डु। सरकारले अन्तराष्ट्रिस्तरको खेल प्रतियोगितामा विजयी तथा पदक प्राप्त गर्ने खेलाडी, प्रशिक्षक, व्यवस्थापक र फिजियोका गरी ३५ जनालाई सम्मान गर्ने भएको छ।

गत बिहीबार र शुक्रबारका मन्त्रिपरिषद्का निर्णय सार्वजनिक गर्दै सञ्चार तथा सूचना प्रविधि मन्त्री एवं सरकारका प्रवक्ता पृथ्वी सुब्बा गुरुङले अन्तर्राष्ट्रियस्तरको फुटबल, कराँते र बिच भलिबल प्रतियोगितामा विजयी तथा पदक प्राप्त खेलाडी, प्रशिक्षक, व्यवस्थापक र फिजियाका ३५ जनालाई पुरस्कार तथा सम्मान गर्नका लागि स्वीकृति दिने निर्णय गरेको जानकारी दिनुभयो।

सरकारले निर्माणाधीन नागढुङ्गा सुरुङमार्ग आयोजनाअन्तर्गत क्षतिपूर्ति तथा समस्या समाधानका लागि सैद्धान्तिक सहमति दिने निर्णय गरेको छ। यस्तै एसियाली विकास बैंकबाट हरित, उत्थानशील र समावेशी विकास कार्यक्रमका लागि एक सय मिलियन अमेरिकी डलर ऋण सहायता स्वीकार गर्ने निर्णय भएको जनाइएको छ।

उक्त बैठकले सरकारका नाममा दर्ता रहेको सर्लाही जिल्ला साविक लक्ष्मीपुर गाविसको ०-५-२-८ बिघा सरकारी प्रकृतिको जग्गा स्वास्थ्य केन्द्रको भवन निर्माणका लागि हरिपुर नगरपालिकालाई उपयोग गर्न स्वीकृति दिने निर्णय भएको हो।बैठकले सुरक्षण मुद्रण केन्द्रको कार्यकारी निर्देशक पदमा देवराज ढुङ्गानालाई नियुक्त गर्ने निर्णय गरेको छ। यस्तै सहिद गङ्गालाल राष्ट्रिय हृदय केन्द्रको सञ्चालक समितिको सदस्यमा डा राजेन्द्रप्रसाद बराल, कास्की र दीपकराज सापकोटालाई मनोनयन गर्ने निर्णय समेत गरेको छ।



साथै बिहीबारको बैठकले यहि पुस २ र ३ गते थाइल्याण्डको बैङ्ककमा आयोजना हुने एसिया र प्रशान्त क्षेत्रमा विकासका लागि वित्तीय सहयोगसम्बन्धी उच्चस्तरीय परामर्श बैठकमा सहभागिताका लागि उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल नेतृत्वको प्रतिनिधिमण्डलको भ्रमण स्वीकृत गर्ने निर्णय भएको छ।

बैठकले महान्यायाधिवक्ताको कार्यालयको रणनीतिक योजना कार्यक्रमका लागि आर्थिक वर्ष २०८१/८२ मा सूचना प्रविधि अधिकृत एक अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णय गरेको छ । काठमाडौँ उपत्यका खानेपानी आपूर्ति सुधार आयोजना (दोस्रो)का लागि एसियाली विकास बैंकबाट प्राप्त हुने १७० मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण र १५ मिलियन अमेरिकी डलर अनुदान एवं जापान फण्ड फर प्रसपोरस एण्ड रेजिलेन्ट एसिया एण्ड द प्यासिफिकबाट प्राप्त हुने तीन मिलियन अमेरिकी डलर अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको छ।

सिँचाइ आधुनिकीकरण अभिवृद्धि आयोजना कार्यान्वयनका लागि एसियाली विकास बैंकबाट नेपाल सरकारलाई प्राप्त हुने ८५ मिलियन अमेरिकी डलर (करिब रू ११ अर्ब ५५ करोड ) सहुलियतपूर्ण ऋण सहायता स्वीकार गर्ने बैठकले निर्णय गरेको छ।

सत्य निरुपण तथा मेलमिलाप आयोगका सचिव आलोकचन्द्र श्रेष्ठलाई नेपाल कानून आयोगको सचिव पदमा र नेपाल कानून आयोगका सचिव पाराश्चर ढुङ्गानालाई सत्य निरुपण तथा मेलमिलाप आयोगको सचिव पदमा सरुवा गर्ने निर्णय गरेको छ। महान्यायाधिवक्ताको कार्यालयको रणनीतिक योजना कार्यक्रमका लागि आव २०८१/८२ मा सूचना प्रविधि अधिकृत एक अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णय गरेको छ।

नेपाल न्याय सेवा, न्याय समूहका सात जना राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतहरुलाई सरुवा गर्ने निर्णय समेत गरेको छ।

शुक्रबार बसेको बैठकले संयुक्त राष्ट्र सङ्घीय सन्धिजनित निकायमा पेस गरिने प्रतिवेदनहरूको अभिन्न अङ्गका रूपमा रहने आधारभूत साझा दस्तावेज स्वीकृत गर्ने भएको छ।

बैठकले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अभिसन्धिको समितिसमक्ष नेपालले पेस गर्नुपर्ने चौथो आवधिक प्रतिवेदन स्वीकृत गर्ने गरेको छ। नेपाल सरकार र गणतन्त्र भारत सरकारबिच हस्ताक्षर हुने 'पनी, सरसफाई र स्वच्छता' क्षेत्रको विकाससम्बन्धी समझदारीपत्र स्वीकृत गर्ने निर्णय गरेको छ।

सरकारले विद्युतीय सुशासन आयोग (गठन तथा सञ्चालन) (पहिलो संशोधन) आदेश, सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोगसम्बन्धी निर्देशिका, लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन नीति र औद्योगिक तथा लगानी प्रवर्द्र्धन कोष सञ्चालन कार्यविधि, २०८१ स्वीकृत गर्ने निर्णय गरेको छ।

बैठकले राष्ट्रिय शहरी नीति, २०८१ समेत स्वीकृत गर्ने निर्णय गरेको छ।रासस

# प्रजातन्त्रप्रति प्रतिबद्ध र इमान्दार नेताका रूपमा स्व सिंहको स्मरण

काठमाण्डु । काठमाडौँ महानगरपालिकाकापूर्वप्रमुखपिएल सिंहलाई प्रजातन्त्रप्रति पूर्ण प्रतिबद्ध र इमान्दार नेताका रूपमा स्मरण गरिएको छ।

नेपाली कांग्रेसका सर्वमान्य नेता गणेशमान सिंहको सामीप्यमा रही नेपालको प्रजातान्त्रिक आन्दोलनका लागि योगदान दिनुभएका सिंहले सत्य, निष्ठा र इमान्दारको प्रतीकका रूपमा आफ्नो छवि बनाउनुभएको उहाँका सहकर्मीले प्रतिक्रिया दिनुभएको छ ।समाजसेवी हितकरवीरसिंह कंसाकारले हरेक नागरिकदेखि माथिल्लो ओहदामा रहने सबैलाई समान व्यवहार गर्ने सिंह प्रजातन्त्रप्रति अडिग र ज्यादै इमान्दार नेता हुनुहुन्थ्यो भन्नुभयो।

मुलुकमा बहुदलीय प्रजातन्त्रको पुनः बहालीपछि भएको स्थानीय तहको निर्वाचनमा विजयी भई उहाँले विसं २०४९ मा तत्कालीन काठमाडौँ नगरपालिका प्रमुखको जिम्मेवारी सम्हाल्नुभएको थियो । कंसाकारले भन्नुभयो, "पिएलजी गणेशमानसिंह र मङ्गलादेवीको सामीप्यमा रही राजनीतिक सहयोगीका रूपमा लामो समय काम गर्नुभयो, प्रजातन्त्रवादी योद्धा पिएलले काठमाडौँ नगरपालिकालाई विश्वमा चिनाउन धेरै महत्वपूर्ण कामसमेत गर्नुभएको छ।"



प्रतिनिधिसभा निर्वाचनमा काठमाडौँबाट विजयी भएपछि वातावरणमन्त्री बन्नुभएका सिंहले त्यसअघि नै काठमाडौँलाई स्वच्छ, सफा र हराभराको नारा दिएर काम गर्नुभएको थियो । उहाँका पिता स्वास्थ्यकर्मी चन्द्रमान सिंहसमेत तत्कालीन जहानियाँ राणाशासनका विरुद्ध र प्रजातन्त्रका पक्षमा लामो समयसम्म संलग्न भई काम गर्नुभएको थियो।

पूर्वमन्त्री भीमसेनदास प्रधानले प्रजातन्त्रप्रति प्रतिबद्ध सिंहले विसं २०४२ को सत्याग्रह र विसं २०४६ को जनआन्दोलनका बेला कुशलतापूर्वक पार्टी प्रवक्ताको जिम्मेवारी सम्हाल्नुभएको स्मरण गर्नुभयो । उहाँले भन्नुभयो, "गणेशमानजीको राजनीतिक सहयोगीका रूपमा पिएलले काम गर्नुभयो । उहाँ समाजमा सबै व्यक्तिलाई समान व्यवहार गर्नुपर्छ भन्नुहुन्थ्यो। स्वच्छ, सफा र हराभरा काठमाडौँ अभियान उहाँले सुरु गर्नुभयो । उहाँ प्रजातन्त्रप्रति निष्ठावान् र अडिग व्यक्ति हुनुहुन्थ्यो।"त

काठमाडौँ ताम्सिपाखामा विसं १९९६ चैत ११ गते जन्मनुभएका पिएलको अन्त्येष्टि त्यही नजिक लखुतीर्थमा गरिँदैछ। उहाँ अविवाहित हुनुहुन्थ्यो।

**कामपा प्रमुख शाह र उपप्रमुख डोलबाट श्रद्धाञ्जली अर्पण**

काठमाडौँ महानगरपालिकाका प्रमुख बालेन्द्र शाह (बालेन) र उपप्रमुख सुनिता डङ्गोलले कामपाका पूर्वप्रमुख पिएल सिंहको पार्थिव शरीरमा श्रद्धाञ्जली अर्पण गर्नुभएको छ।

सोमबार चाक्सीबारी पुगेर पुष्पगुच्छा अर्पण गर्दै उहाँहरूले पूर्वप्रमुखको पार्थिव शरीरलाई बिदाइ र शोकसन्तप्त परिजनमा समवेदना प्रकट गर्नुभएको हो । उहाँहरूसँगै कामपाका प्रवक्ता नवीन मानन्धर, विषयगत समितिका संयोजक, कार्यपालिका सदस्य, नगरसभा सदस्य र कर्मचारीहरूले सिंहको पार्थिव शरीरमा पुष्पगुच्छा अर्पण गर्नुभएको थियो।

पूर्वप्रमुख सिंहको ८८ वर्षको उमेरमा सोमबार बिहान निधन भएको हो । पछिल्लो समय उपचारसँगै उहाँ ठमेल चाक्सीबारी बस्दै आउनुभएको थियो । पूर्वमन्त्रीसमेत रहेका सिंहको पेटमा अल्सर भएपछि गत वर्ष पेटको शल्यक्रिया गरिएको थियो।

विसं १९९६ चैत ११ गते जन्मनुभएका सिंह २०४९ सालमा भएको स्थानीय तह निर्वाचनमा काठमाडौँ नगरपालिका प्रमुखमा निर्वाचित हुनुभएको थियो । उहाँकै कार्यकाल २०५२ साल मङ्सिर २९ गते नगरपालिकालाई महानगरपालिका घोषणा गरिएको हो। रासस

# चितवनलाई जैविक विविधता तथा वन्यजन्तुको पर्यटकीय राजधानी घोषणा गरिने

चितवन । चितवनलाई जैविक विविधता तथा वन्यजन्तुको पर्यटकीय राजधानीको रूपमा घोषणा गर्न सौराहाका पर्यटन व्यवसायी लागि परेका छन् । यसका लागि रत्ननगर नगरपालिका र बागमती प्रदेश सरकारसँगको छलफल तथा समन्वय भइरहेको हो।



यही पुस ११ गतेदेखि सुरू हुने १८औँ हात्ती तथा पर्यटन महोत्सव २०८१ को अवसरमा राजधानी घोषणा गर्ने गरी तयारी अघि बढाइएको क्षेत्रीय होटल सङ्घ सौराहाले जनाएको छ। महोत्सवका संयोजक रामकुमार अर्यालका अनुसार महोत्सवको उद्घाटन समारोहमा राष्ट्रपति रामचन्द्र पौडेलले औपचारिक रूपमा घोषणा गर्ने कार्यक्रम रहेको छ।

यसका लागि रत्ननगर नगरपालिकाको बोर्ड बैठकले निर्णय गरेर प्रदेश सरकारले राष्ट्रपति समक्ष प्रस्ताव लगेपछि घोषणाको प्रक्रिया सुरू हुनेछ । अहिले यो प्रक्रिया सुरू गरिएको र महोत्सवको अवसरमा घोषणा हुने अपेक्षा गरिएको छ । महोत्सवको बारेमा जानकारी दिन सोमबार आयोजना गरिएको पत्रकार सम्मेलनमा संयोजक अर्यालले गत वर्षमा भएका हात्तीदौड तथा हात्तीका छावाको फुटवल प्रतियोगिता यस वर्ष हटाइएको जानकारी दिनुभयो । यस वर्ष हात्तीको शृङ्गार प्रतियोगिता, हात्ती वनभोज, हात्तीमैत्री फुटबल पेनाल्टी प्रतियोगिता, हात्ती मैत्री म्युजिकल वाक, हात्तीको स्वास्थ्य परीक्षण कार्यक्रम गरिने उहाँले बताउनुभयो। यस्तै पालिकास्तरीय डुङ्गा दौड प्रतियोगिता, स्वदेशी तथा विदेशी टुर एण्ड ट्राभल एजेन्सीसँग 'विटुबी' गोष्ठी, चितवनमा पर्यटनको सम्भावना हिजो र आज विषयक अन्तर्क्रिया जस्ता कार्यक्रमम गरिनेछ । यस महोत्सवमा ८० वटा हात्तीलाई सहभागी गराईने आयोजकले जनाएको छ।

अहिले पर्यटक कम आउने समय भएकाले पर्यटकलाई आकर्षित गर्नका लागि महोत्सव गर्न लागिएको सङ्घका अध्यक्ष गङ्गा गिरीले जानकारी दिनुभयो। उहाँका अनुसार कार्यक्रमबाट अहिले भइरहेका पर्यटकभन्दा ३० प्रतिशत बढी पर्यटक आउने अनुमान गरिएको छ । अहिले सौराहाका होटलमा ३० प्रतिशत मात्र पर्यटक रहेका छन् । यसलाई बढाउन यो कार्यक्रम फलदायी हुने उहाँले बताउनुभयो। हात्तीलाई पर्यटनसँग जोड्दा विदेशी पाहुनाको बसाइ लम्ब्याउन सहज हुने उहाँको भनाइ छ।

मृगकुञ्ज मध्यवर्ती सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष दुर्गाप्रसाद घिमिरेले संस्कृति र पर्यटनलाई जोड्न यो महोत्सव सफल हुने बताउनुभयो। हात्तीलाई जबरजस्ती विभिन्न खेलमा सहभागी गराइएको भन्दै पशु अधिकारवादीले विरोध गरेपछि सङ्घले कार्यक्रमलाई केही फेरबदल गरेको हो।


कार्यक्रम निकुञ्जको मध्यवर्ती क्षेत्रसँग जोडिएको चौरमा गर्ने विषयमा पनि केही संरक्षणकर्मीले आवाज उठाएका छन्।रासस

# कांग्रेस नेताहरूद्वारा पूर्वनगरप्रमुख सिंहप्रति श्रद्धाञ्जली अर्पण

पाटन। सोमबार बिहान निधन हुनुभएका काठमाडौँका पूर्वनगरप्रमुख प्रेमलाल (पीएल) सिंहप्रति नेपाली कांग्रेसका नेताहरुले पार्टी केन्द्रीय कार्यालय सानेपा पुगेर श्रद्धाञ्जली अर्पण गर्नुभएको छ।

८७ वर्षको उमेरमा निधन हुनुभएका पूर्वमन्त्री एवम् पूर्वनगरप्रमुख सिंहको पार्थिव शरीर अन्तिम श्रद्धाञ्जलीका लागि अपरान्ह १२ बजेदेखि २:३० बजेसम्म कांग्रेस केन्द्रीय कार्यालय सानेपामा राखिएको थियो। स्वर्गीय सिंहलाई पार्टी सभापति शेरबहादुर देउवा, उपसभापति धनराज गुरुङ, महामन्त्री गगनकुमार थापा, सहमहामन्त्री जीवन परियार, पूर्वउपसभापति गोपालमान श्रेष्ठलगायतले पुष्प गुच्छासहित श्रद्धाञ्जली अर्पण गर्नुभएको पार्टीका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो।

स्वर्गीय नेता गणेशमान सिंह निकट रहेर लामो समय काम गर्नुभएका सिंहले नेपाली कांग्रेसको पार्टी संगठनका साथै नेपालको राजनीतिक क्षेत्रमा महत्त्वपूर्ण योगदान पु-याउनु भएको उपप्रधानमन्त्री एवम् शहरी विकास मन्त्री प्रकाशमान सिंहका प्रेस संयोजक जगन्नाथ दुलालले बताउनुभयो। उहाँ २०४९ सालको स्थानीय तहको निर्वाचनमा काठमाडौँको प्रमुख पदमा निर्वाचित हुनुभएको थियो।रासस




अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# पर्यटकलाई सम्मान गर

कृषि प्रधान देश भनिएको नेपालमा अब अन्न आयात गरिन्छ । जलसम्पदालाई विस्तारै उपयोग गर्न थालिएको छ । यद्यपि उर्जा बाहेकको काममा जलको उपयोग कमै भएको छ । नेपालमा अहिले सर्वाधिक आय हुने र भरपर्दो पर्यटन क्षेत्र देखिएको छ । नेपालमा वार्षिक आउने पर्यटकको संख्या बढ्दो छ । नेपालमा तेस्रो मुलुकबाट आउने पर्यटकहरुका लागि हिमाली र पहाडी क्षेत्र आकर्षणको केन्द्र रहेको छ । भारतबाट आउने पर्यटकका लागि धार्मिक स्थलहरु र पोखरा मुख्य गन्तव्य बनेको छ । पर्यटकहरुको आगमनले पर्यटन व्यवसायलाई माथि उकास्न थालेको छ । पर्यटन क्षेत्रमा रोजगारीको अवसर बढ्न थालेको छ । होटेल, रिर्सोट लगायतको क्षेत्रमा लगानी बढेको छ । टुर्स एण्ड ट्राभल्समा पनि लगानी थपिदैछ । नेपालको पर्यटन प्रबर्द्धनका लागि अझै धेरै गर्नुपर्नेछ । तर नेपालमा स्थलमार्गबाट आउने भारतीय पर्यटकहरुको अनुभव बहुत खराब भइरहेको छ । नेपाल प्रवेश गर्ने भन्सार नाकामा सम्पूर्ण कागजातको आधारमा कानुनी प्रक्रिया पूरा गर्ने भारतीय सवारी साधनलाई राजमार्गमा प्रहरीले अनावश्यक दुख दिने गरेको छ । भन्सारबाट नेपालमा प्रवेश गर्नासाथ अनेकौ ठाउँमा प्रहरी र ट्राफिकले सवारी साधन रोक्ने गर्छन् । अनेक कागजात माग्छन् । सबै कागजात दुरुस्त हुँदा पनि अवैध रुपमा रकम असुली गरिन्छ । पर्यटक बोकेर आउने बस, साना सवारी साधनलाई प्रहरीले दिने दुखको चर्चा पटक पटक हुने गर्छ । सरोकारबाला निकाय सम्म जानकारी पनि गरइन्छ । तर समस्या समाधन हुँदैन् । नेपालमा एक पटक आउने भारतीय चालक र पर्यटक दोहोरिएर आउन चाहँदैनन् । भारतीय मालवाहक गाडीका चालकहरुले राजमार्गमा ठाउँठाउँको प्रहरी बिट र थानामा दिनुपर्ने रकम पहिले देखि नै छुट्ट्याएर राख्ने गर्छन् । उनीहरु नियमित रुपमा आउने गरेकाले अवैध रुपैया तिर्नुपर्ने ठाउँहरुको पहिचान र रकम यकिन गरिसकेका हुन्छन् । तर पर्यटक बोक्ने बस र साना सवारी साधनहरुका चालकलाई त्यो जानकारी नहुँदा अपमानित हुनुपर्ने र अवैध रुपमा रकम तिर्नुपर्ने बाध्यता बनेको छ । राजमार्गमा तैनाथ प्रहरीले तस्करी अथवा सुरक्षाको दृष्टिकोणले शंकास्पद देखिए सवारी साधनको जाँच गर्नुपर्छ । तर भारतीय नम्बर हेर्ना साथ गिद्धे दृष्टि राख्न हुँदैन् । नेपालको पर्यटन क्षेत्रमा राजमार्गमा हुने अवैध असुली घातक हुन सक्ने सरोकारबालाहरुले चिन्ता व्यक्त गर्न थालेका छन् । प्रहरीका उच्च पदस्थ अधिकारीहरुसित होटेल तथा पर्यटन क्षेत्रसित सम्बद्ध निकायहरुले पटक पटक गुनासो गरे पनि त्यसको समाधान तर्फ कदम चालिएको छैन् । पर्यटकलाई सम्मान नगरे सम्म पर्यटन क्षेत्रको प्रबर्द्धन गाह्रो छ । प्रहरीले भारतीय सवारी साधनसित गर्ने अवैध असुलीलाई बन्द गराउनु पर्छ ।

# मनोलाप : कबीर धुन



रोशन जनकपुरी

कबीरको एउटा पाँती छ :

***"मोको कहाँ ढूँढे बन्दे, मै तो तेरे पास मे।***
***ना मैं देवल ना मै मसिजिद, ना काबे कैलास मे।***
***ना तो कौने किरिया करम मे, ना ही योग बैराग मे।***
***खोजी होय तो तुरते मिलिहौं, पल भर की तलास मे।***
***कहैं कबीर सुनौं भइ साधो, सब स्वाँसौं की स्वाँस मैं"***

कबीर एउटा रहस्यवादी आध्यात्मवादी थिए । उनी अनीश्वरवादी थिएनन्, उनी ईश्वरवादी नै थिए । तर उनले ईश्वरको परिकल्पना आडम्बरमुक्त सकारात्मक चेतनाको रुपमा गरेका थिए । एउटा सकारात्मक बोधमा उनको ईश्वर बस्थ्यो । सबै प्रकारको निराशा, कुन्ठा, ईर्ष्या, द्वेष, मानवीय विभेद, लालसा, तृष्णा, आदिबाट मुक्त ईश्वर । उनले ईश्वर खोज्न भौतारिनु आवश्यक थिएन, आफ्नै सकारात्मक मानवीय बोधमा जतिसुकै बेला अनुभूत गर्न सकिन्थ्यो । एकजना उर्दू शायर 'फरहत एहसास'को चार पंक्ति छ : "दिल के आइने मै है तस्वीर ए यार, जब जरा गर्दन झुकाई देख ली ।" कबीरको चैतन्य ईश्वर पनि त्यस्तै छ : 'मलाई कहाँ खोज्छौ, म त तिमीसँगै छु । न कुनै देवस्थलमा, न काबामा र न कैलासमा छु । मै कुनै अर्चनकाको विधिमा छु, न योग, न बैरागमा छु । खाजी गर्‍यौ भने म छिनभरीको खोजीमा भेटिन सक्छु ।'

कबीरका ईश्वर सहज र मानवीय छन्, त्यसैले सार्वजनीनपनि छन् । त्यसैले त उनी यस कवित्तको अन्तमा भन्छन् : कहैं कबीर सुनौं भइ साधो, सब स्वाँसौं की स्वाँस मैं", ऊ (ईश्वर) सबैको स्वाँसमा, समान भावमा छ । हिन्दुमा पनि, सिखमापनि, मुस्लिममा पनि, ईसाईमा पनि । कबीरको दृष्टिमा सबैमा एउटै छ ईश्वर, सहिष्णु र मानवीय बोध ।

कबीरको समयमा तत्कालीन समाजमा हिन्दु र मुस्लिम बीच द्वन्द्व थियो, हिंसा थियो, मारामार थियो । तत्कालीन सत्ताको सबैभन्दा माथिल्लो सिंहासनमा बादशाह वस्थे, उनि मुनिका हिन्दु र मुस्लिम भारदारहरु, छुटभैया शासकहरु उनका ताबेदारीमा थिए । तल समाजमा हिन्दु र मुस्लिमहरु मन्दिर मस्जिद र धर्मको नाममा लडि रहेका थिए । समाजको माथिल्लो हिस्सा यस धार्मिक र साम्प्रदायिक लडाँईमा पनि आफ्नो कमाई गरिरहेको थियो र मुल्ला, पण्डित, जातीय र धार्मिक अगुआको रुपमा आफ्नो वर्चस्व कायम नै राखेको थियो, तर आफ्ना नङ्ग्राहरु खियाएर, श्रम गरेर आफ्नो बाल बच्चाको ज्यान पाल्ने गरिब श्रमजीविहरु यस धार्मिक र सम्प्रदायिक द्वन्द्वमा मारिन्थ्यो ।

मन्दिर र मस्जिदहरु मानिसहरुलाई एक आपसमा भेद गराउने षडयन्त्रको हिस्सा रहेको यथार्थ उनले बुझेका थिए । अहिले ईश्वर, अल्लाह र गड एउटै होइनन् भनेर जसरी हिन्दु, मुस्लिम र ईसाईका पण्डित, मुल्ला, पादरी र धार्मिक कठमुल्ला प्रवचकहरु तर्क गरिरहेका छन्, त्यस्तो कबीरको बेलामा पनि थियो । त्यति मात्रै थिएन । कबीरको समयमा हिन्दुहरु भित्रै वैष्णव, शैव, शाक्त, आपसमा लडिरहेका थिए । प्रत्येक वर्ष कुम्भको मेलामा प्रयागमा गंगामा कस्ले पहिलो शाही स्नान गर्ने भनेर वैष्णव र शैव बीचका लडाँईमा हजारौं मारिन्थे, घाइते हुन्थे । त्यस्तै मुस्लिमहरुमा पनि शिया, सुन्नी, पसमान्दा, तथा विविध फिरकाहरु (जातीय विभाजन)मा पनि अनेक द्वन्द्व र मारामार थियो ।

यथार्थ के हो भने ईश्वर, अल्लाह र गड एउटैखाले आदर्शवादी चेतना तत्व (सम्पूर्ण ब्रह्माण्डको निर्माता र नियामक तत्व)को आफ्ना समुदाय अनुकूलको सम्बोधन हो । यसै कारण शब्दकोशमा संस्कृतको ईश्वरको फारसी र उर्दूमा अनुवाद अल्लाह र अँग्रेजीमा गड लेखिएको छ । सामान्यजनलाई धार्मिक र साम्प्रदायिक उन्मादमा अल्झाई राख्ने धार्मिक अगुआ र सत्ताको षडयन्त्रकारी चरित्र कबीरले बुझेका थिए । उनले ईश्वर, अल्लाह र गड एउटै चेतना हो भन्ने पनि बुझेका थिए । त्यसैले उनले भने : 'कबीरा कुँवा एक है, पानी भरे अनेक, बर्तन मे ही भेद है, पानी सब मे एक । धर्म र सम्प्रदाय मात्रै भिन्न, ईश्वरीय चैतन्य बोध एउटै हो ।

त्यसैले उनले धार्मिक आडम्बरमा पर्नुभन्दा मानवीय र सहिष्णु चेतना सहित सहज जीवन बाँच्नु श्रेष्ठ हो भन्ने सन्देश दिए । उनले भने : "पाहन पूजे हरि मिले, तौं मै पूजूँ पहाड, ता से चक्की भली, पीस खाय संसार ।" (ढुङ्गा पुजेर भगवान पाइन्छ भने म पहाड कै पुजा गर्छु । त्योभन्दा राम्रो जाँतो छ, जसमा पिसेर मानिसले खान्छ ।)

कबीर आफ्नो समयको मानवीय र सहिष्णु स्वर थिए । उनको वाणी, साखीमा युगको आलोचना बोलेको छ । उनको समयमा हिन्दु होस वा मुस्लिम वा अन्य धर्मका, सबैका श्रमजीवि जनसाधारण आफ्नो युगको सत्ता, धर्म र बजारको चक्कीमा पिसिँदै थियो ।

कविले धार्मिक आडम्बरलाई निर्ममतापूर्वक निसानामा लिएका थिए । उनले विविध चोलाधारी साधु सन्यासीहरु माथी व्यङ्ग्य गरे : 'मन र रङगाए, रङगाए जोगी कपडा । कनवा फडाय जटवा बढौले, दाढी बढाय जोगी होइ गैले बकरा ।' (जोगीले मन रङगाएका छैनन, कपडा मात्रै रङगाएका छन् । कान चिरेर, जटा बढाएर, दाढी बढाएर जोग बाख्रा भएका छन् ।)

उनले मन्दिर र पण्डित मात्रै आलोचना गरेनन्, मस्जिद र मुल्लाको आडम्बरलाई निसानामा लिए । मस्जिद र मूल्लालाई लक्षित गरि उनले भने : 'काँकर पाथर जोरि कै मस्जिद लई बनाए । ता चढि मुल्ला बाङ्ग दै क्या बहरा हुआ खुदाय ॥' -कङकड पत्थर जोडेर मस्जिद बनायो, त्यसमा चढेर मुल्ला अजान दिन्छ, खुदा अर्थात् ईश्वर बहिरो भएको छ, कि क्या हो ?) मस्जिदमा मुल्लाले बेला बेलामा नमाजभन्दा पूर्व जोड जोडले 'अल्लाह ओ अकबर' भन्नुलाई अजान भनिन्छ, कबीरले यसलाई कुखुराको बाङ्ग (कुखुरा कराउनु)संग तुलना गरेका छन् । कबीरको आसय के छ भने नमाज गर्ने बेला भयो भनेर भक्तहरुलाई पटक पटक बोलाई रहनु पर्छ र अल्लाह -ईश्वरलाई सुनाई रहनु पर्छ र ? भक्त छन् भने त आफै आई हाल्छ नि । त्यसरी नै अल्लाह कतै पर छन् र उसलाई सुनाई रहनु पर्ने ? ऊ त हृदय वा मनमै छ, त्यति जोड बोल्नै पर्दैन । वस्तु कबीर धर्ममा सृजित आडम्बरका विरुद्ध तीखो व्यङ्ग्य प्रहार गरिरहेका छन् ।

जनसाधारणमा उनका मानवीय र सहिष्णु भाव र फक्कडपना अत्यन्त लोकप्रिय थियो । तर आफ्ना सत्य र यथार्थपरक तीखो तेवरको कारण उनले हिन्दु र मुस्लिम दुबैतर्फका धार्मिक अगुआहरुको उपेक्षा, प्रताडना र यातना भोग्नु परेको थियो । तर फक्कड र निर्भय चरित्रका कबीरलाई यसको मतलब थिएन । उनि सत्य बक्नबाट कहिल्यै पछि हटेनन् । उनको सत्य र जगतमय आध्यात्मिक प्रभावको कारण उनको पछाडीपनि अनुयायी बढन थालेको थियो ।



तर तत्कालीन जड धार्मिकताको माहौलमा कबीरको बाटो सहज चेताए, यो बाटो सहज छैन, मेरो पछाडी आयो भने तिम्रो सर्वस्व गुम्न सक्छ । उनले भने : ' कबीरा खडा बजार मे, लिए लुकाठी हाथ । जो घर जारिहौं आपना, चलो हमारे साथ ।'

कबीरका बोलहरु यथार्थको ठोस जमीनमा विकसित भएको थियो । तर त्रासदी के छ भने कबीर आफ्नै समयमा पराजित भए । उनका अनुयायीहरुको जमातमा हिन्दु र मुस्लिम दुबै थिए । उनको मृत्युपछि उनको मृत्यु संस्कार कसरी गर्ने (श्मासानमा जलाउने वा कब्रगाहमा गाडने ?) भनेर उनका शिष्यहरुमा विवाद सृजना भएको थियो । यसको समाधान ठ्याक्कै कसरी भयो भन्न गाह्रो छ । केही गरी दुबै समुदायका कबिरहाहरुले आ आफ्नै परम्परामा कबीरको अन्तिम संस्कार गरे, यति भने बुझिन्छ । कबीरलाई चमत्कारी सिद्ध गर्न यस विषयमा एउटा काल्पनिक कथा प्रसिद्ध छ । तर जीवन भरी धार्मिक र कर्मकाण्डीय आडम्बरका विरुद्ध लडिरहेका कबीरको जीवनको अन्तबारे यो त्रासदयुक्त भ्रमकथा मात्र छ । यस कथा अनुसार कबीरको शव फूलमा परिणत भयो, दुबै समुदायका अनुयायीहरुले आधा आधा फूल बाँडेर लगे । एउटा समुदायका कबिरहाहरुले यसलाई श्मसानमा जलाए र अर्को समुदायका अनुयायीहरुले कब्रगाहमा लगेर गाडे । कति त्रासद युक्त कथा छ यो ? जीवनभरी आडम्बरका विरुद्ध लडिरहेको कबीरको अन्तिम संस्कार उनका शिष्यहरुले नै तिनै आडम्बरमा गरे ।

समयसंगै कबीरहाहरुको जमात ठूलो भएको छ । तर कबीर जुन आडम्बरका विरुद्ध थिए, उनका शिष्यहरुले उनको वरीपरिपनि त्यसतै आडम्बर सृजना गरिदिएका छन् । मन्दिर र मस्जिदको विरोधमा उभिने कबीरको आफ्नै मन्दिर बनेको छ । चमत्कारका विरुद्ध तीखो प्रहार गर्ने कबीरका शिष्यहरुले उनकै बारेमा अनेक दैवीय चमत्कारी कथाहरु गढेका छन् । मूर्तिको विरुद्ध उभिने कबीरका आफ्नै मूर्ति, मन्दिर र महन्थ बनेका छन् । कबीर पवित्रताभन्दा पनि मानवीय चैतन्यबोधका पक्षधर थिए । उनका 'साहिब' उच्च पदको साम्प्रदायिक गुरु (ज्ञानी)हरु पवित्र र देवमय भएका छन् । यसरी सडकछाप अर्थात् लोकका प्रिय कबीरलाई उनका शिष्य र अनुयायीहरुले देवमय बनाई दिएका छन् । अब कबीरको 'साखी'लाई खोज्न गहिरो पानीमा डुब्नु पर्दैन (जिन खोजे तिन पाइयाँ, गहरे पानी पैठ) । अब कबीरको मठमा गएर उनको मूर्ति सामू कबीरहा कर्म काण्ड गरे पुग्छ । कबीरहाका बडा गुरुज्यु 'साहिबजू'हरुको पाउको धुलो र पखालेको पानी पिए पुग्छ । युग परिवर्तनसँगै कबीरपनि फेरिएका छन् । उनका तथाकथित अनुयायी र आचार्यहरुले उनका सन्देशहरुपनि फेरि दिएका छन् ।

केहीदिन पहिले म धनुषाजिल्लाको शान्तिपुरमा कबिरहा आश्रम गएको थिएँ । भव्य छ । करोडौं खर्च गरेर बनेको हेर्रै थाहा हुन्छ । त्यहाँ कबीरपनि भव्य छन् । चमकदार । तर यो मन्दिर बनाउन खर्च कहाँ बाट आयो, कसैसंग जवाफ छैन । एकजना नामूद कबीर धर्मगुरु रामपालको नाममा यो कबिरहा भव्य मन्दिर छ । बेला बेलामा यहाँ भारत र नेपालका हजारौं श्रद्धालुहरु जम्मा हुनुले यो प्रसिद्ध छ, भन्ने पनि प्रष्ट छ । नजानिँदो, अप्रत्यक्ष र प्रचारबिना जसरी यो प्रसिद्ध भएको छ, त्यसले आश्चर्य हुन्छ । विवेकलाई छेउ पारेपछि प्रत्यक्ष देखिँदैन । आफूलाई कबीरी चमत्कारी आचार्य भन्ने रामपाल हत्या, हिंसक भडकाउ र यौनाचारको मुद्दामा भारतमा वर्षौदेखी सजाय भोगीरहेका छन् । तर उनलाई चमत्कारी परमेश्वरको दर्जामा राखेर पुज्ने भक्तहरुको अहिलेपनि कमी छैन । धर्मको दोकान यसरी नै चल्छ । कबीर यसका सबैभन्दा त्रासदयुक्त उदाहरण मध्येका एक हुन् ।

म कबीरको अनुयायी होइन । म अनीश्वरवादी हुँ । तर कबीरको मतमा रहेका मानवीयता र साम्प्रदायिक सहिष्णुताको प्रशंसक भने अवश्य हुँ । राम्रो त अनीश्वरवादी हुनु नै हो, पूर्णतः मानवीय हुनु नै हो । दुःखी र उत्पीडनको ठोस कारणहरु अर्थात् मानवीय जीवनका यथार्थ समस्याहरुलाई कसरी समाधान गर्ने ? धार्मिक र साम्प्रदायिकभावलाई छेउ लगाएर जनसाधारणको पीडाहरुलाई कसरी मुक्त गराउनेमा सचेत प्रयत्न गर्नु नै सही चिन्तन हो । यस्तोमा कबीर एक हदसम्म, कम्तीमा बोधको स्तरसम्म त मानवीय बनाउँछन् नै । तर आजको आडम्बरयुक्त होइन, आडम्बर हीन मानवीय चेतनायुक्त कबीर । कबीर धुन जडमुखी आडम्बर होइन, चैतन्य मानवीय व्यवहार हो । कबीर बारे यो बूझाई नै ठीक हो ।

# विश्वसामु गरिएका सरकारी प्रतिबद्धता र सडक दुर्घटनाको अवस्था

डा. बद्रीप्रकाश ओझा

आगामी जनवरी १८ देखि २० सम्म मोरक्कोमा चौथो विश्व सडक सुरक्षा मन्त्रीस्तरतीय सम्मेलन हुँदै छ । तीन दिन चल्ने उक्त सम्मेलनमा एक सय ९३ देशका दुई सय ६० वक्ता रहने तय गरिएको छ ।

सम्मेलन स्थलमा दुई हजार पाँच सय सहभागीका लागि बस्ने कुर्सीको व्यवस्था गरिएको छ । यसअघिको सम्मेलन सन् २०२० को जनवरी १९ र २० मा स्टकहोममा भएको थियो । त्यस सम्मेलनमा नेपालका मन्त्रीको पनि सहभागिता थियो । उक्त सम्मेलनमा विश्व सडक सुरक्षा दशक (२०२१-२०३०) लागु गर्ने प्रतिबद्धता व्यक्त गरियो । उक्त प्रतिबद्धता अनुरूप कार्ययोजना पनि तय गरिएको थियो ।

कार्ययोजनामा सन् २०३० भित्र विश्वमा सडक दुर्घटनामा ५० प्रतिशतले कमी ल्याई सडकका कारण हुने मृत्यु तथा अंगभंग हुने दरमा पनि ५० प्रतिशतले कमी ल्याउने प्रतिबद्धता व्यक्त गरिएको थियो । त्यसमा नेपालले पनि प्रतिबद्धता व्यक्त गर्‍यो । यसपालि पनि पक्कै प्रतिबद्धता दोहोरिएला ।

सन् २००७ मा दक्षिण कोरियाको बुसान सहरमा आयोजित पहिलो विश्व मन्त्रीस्तरीय सम्मेलनमा पनि नेपालले सडकसँग सम्बन्धित दुर्घटनाबाट ज्यान गुमाउनेको संख्यामा आधा कटौती गर्ने प्रतिबद्धता व्यक्त गरेको थियो । त्यतिबेला नेपालमा वार्षिक आठ सय मानिसको ज्यान सडकसँग सम्बन्धित दुर्घटनाका कारण गएको थियो ।

उता विदेशी सम्मेलनमा सरकारले प्रतिबद्धता व्यक्त गर्दै गयो, यता सडकमा सवारी चाप बढ्दै गयो । ग्रामीण क्षेत्रमा 'डोजर इन्जिनियरिङ'मा आधारित सडक विस्तार हुँदै गए । सहरी क्षेत्रमा जग्गा कारोबारीले बनाएका नागबेली सडकहरू थपिँदै गए । ती सडक र अस्तव्यस्त योजनामा सरकारको खासै चासो भएन । दैनिक रूपमा बिक्री हुने एउटै जमिनको टुक्राबाट सरकारले कर असुल्दै गयो । आर्थिक अवस्थामा सुधारसँगै सडकमा सवारी-साधन पनि थपिनु अस्वाभाविक होइन । हरेकपटक सहरी योजनाका कुरा चल्छन् तर नयाँ जग्गा प्लानिङलाई सरकारी तवरबाट नियमन गरिएन । फलस्वरूप नयाँ बस्तीहरू पनि अस्तव्यस्त नै बने । अनावश्यक जग्गा अतिक्रमको परिणाम त अस्तिको बाढीले देखाइदियो ।

सरकारी प्रतिबद्धता बढ्दै गए तर सडकमा ज्यान गुमाउनेको संख्या घट्नुको साटो बढ्दै गयो । एक दशक (सन् २००७-२०१७) को अन्तरालमा सडक दुर्घटनामा परी ज्यान गुमाउनेको संख्या २५ सय नाघ्यो । सरकारले ढुक्कसँग तथ्यांक सार्वजनिक गर्‍यो– नेपालमा प्रतिलाख जनसंख्यामा ८.५९ जनाको ज्यान सडक दुर्घटनाका कारण जाने गर्छ ।

उसै बेला विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले भन्यो, 'नेपालमा प्रतिलाखमा १५.९ जनाको ज्यान सडक दुर्घटनाबाट जाने गर्छ ।'

सन् २०१० को संयुक्त राष्ट्रसंघीय महासभाको प्रस्ताव, सन् २०१५ मा ब्राजिलमा आयोजित दोस्रो मन्त्रीस्तरीय सम्मेलन, सन् २०२० मा तेस्रो मन्त्रीस्तरीय सम्मेलन सबैमा नेपालको प्रतिबद्धता व्यक्त हुने क्रम जारी छ, काममा भने खासै प्रगति देखिँदैन । तेस्रो मन्त्रीस्तरीय सम्मेलनले तय गरेको कार्ययोजना लागु गर्ने अवधिमध्ये ५० प्रतिशत समय बितिसकेको छ । हालसम्म नेपालले दुईवटा कामको सुरुवात गरेको छ– १) नाम मात्रकै भए पनि राष्ट्रिय सडक सुरक्षा परिषद्को गठन । २) दशक स्तरीय कार्ययोजना ।

सरकारले २०७३ सालमा सडक सुरक्षा परिषद् गठन तथा सञ्चालन आदेश स्वीकृत गरी संस्था स्थापना गर्‍यो । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिवको अध्यक्षतामा परिषद् गठन गरी सञ्चालन निर्देशिका पनि जारी गर्‍यो । परिषद्मा तालुक मन्त्रालयसहित गृह, अर्थ, स्वास्थ्य, शिक्षा, रक्षा तथा नेपाल प्रहरीका अधिकारीसँगै यातायात व्यवसायी र विज्ञ पनि सदस्य रहने व्यवस्था छ ।

उक्त परिषद्लाई सञ्चालन गर्न भने सरकार चुक्यो । यसको कार्य सञ्चालनका लागि आवश्यक कानुनी व्यवस्था गर्ने तथा दैनिक प्रशासन सञ्चालनका लागि कार्यकारी अधिकृतसहित कर्मचारीको व्यवस्था नभएका कारण हालसम्म परिषद् खाली छ । एकजना प्राविधिक परामर्शदाता नियुक्त छन् । उनलाई कार्यकारी अधिकार छैन । हास्यास्पद विषय त के छ भने सो परिषद्लाई सहयोग गर्न भनेर विश्व बैंक र संयुक्त राष्ट्रसंघको सहयोगमा परामर्शदाताको दुई समूह नै नियुक्त गरिएको छ । ती परामर्शदाताको कार्य विवरणमा राष्ट्रिय सडक सुरक्षा परिषद्का कर्मचारीको क्षमता अभिवृद्धि गर्ने पनि रहेको छ ।

सन् २०३० भित्र विश्वमा सडक दुर्घटनामा ५० प्रतिशतले कमी ल्याई सडकका कारण हुने मृत्यु तथा अंगभंग हुने दरमा पनि ५० प्रतिशतले कमी ल्याउने प्रतिबद्धता व्यक्त गरिएको थियो । त्यसमा नेपालले पनि प्रतिबद्धता व्यक्त गर्‍यो । यसपालि पनि पक्कै प्रतिबद्धता दोहोरिएला ।

परिषद्मा मात्र एकजना प्राविधिक सल्लाहकार छन् । उनी आफैं सो विषयका विज्ञ रहेकाले क्षमता अभिवृद्धि आवश्यक छैन । ती परामर्शदाताको नियमनको जिम्मा सडक विभागकै अर्को महाशाखालाई दिइएको छ । उसको छुट्टै जिम्मेवारी भएकाले उसले त्यसमा उति चासो राख्दैन ।

विज्ञहरूले तयार पारेका नीतिगत दस्ताबेज हालसम्म परिषद्बाट माथि जान सकेका छैनन् । विभिन्न मन्त्रालय तथा विभागका प्रमुख तथा प्रतिनिधिहरू सदस्य रहेकाले उनीहरू वर्षमा बढीमा चारपटक बैठक बस्छन् तर काम अघि बढ्दैन । उनीहरू आ-आफ्नै जिम्मेवारीमा व्यस्त रहन्छन् ।

विश्व बैंकको सहयोगमा राष्ट्रिय सडक सुरक्षा परिषद्ले 'नेपाल सडक सुरक्षा कार्ययोजना (२०२१-२०३०) मस्यौदा' तयार पारी पारित गरी स्वीकृतिका लागि सरकारसमक्ष प्रस्तुत गरेको छ । तयार भएको चार वर्ष बित्दासम्म सो कार्ययोजना अर्थ मन्त्रालयको पोल्टाबाट बाहिर आउन सकेको छैन । कार्ययोजना लागु गर्न विश्व बैंकले रकम समेत उपलब्ध गराएको छ । आवश्यक परे थप सहयोग गर्ने प्रतिबद्धता पनि व्यक्त गरेका लेख-रचना सार्वजनिक गरेको छ तर अर्थले बजेटको हलो अड्काएर मानिसको ज्यान जोखिममा पर्ने विषयलाई थाती राखेको छ ।

अर्कोतिर परिषद्को नियमनका लागि 'राष्ट्रिय सडक सुरक्षा ऐन'को मस्यौदा गरेको एक दशक बितिसकेको छ तर हालसम्म उक्त ऐन संसद्मा पुगेको छैन । परिषद्का लागि छुट्टै ऐन आवश्यक नपर्ने जिकिर अर्थले गर्दै आएको छ । सडक विभागका लागि बनेको ऐनले नै परिषद्लाई नियमन गर्न मिल्ने तर्क अर्थको छ । परिषद्मा विभिन्न मन्त्रालयको प्रतिनिधित्व रहने हुनाले सडक ऐनले यसलाई समेट्ने कुरै भएन । सवारी दुर्घटना बाढी, पहिरो, आँधीबेहरी तथा भूकम्पजस्तो अचानक आइपर्ने विपत्ति होइन । हामीले गल्ती गरे मात्र दुर्घटना हुन्छ । चाहे चालकले गरोस् वा अन्य सडक प्रयोगकर्ताले । त्यसैले यसलाई घटाएर शून्यमा झार्न सकिन्छ ।

सडक ऐन सडक विभागको नियमनका लागि बनाइन्छ । सडक सुरक्षा परिषद्मा स्वयं अर्थ मन्त्रालयकै प्रतिनिधित्व रहन्छ । सडक विभागका लागि बनेको नियमले स्वास्थ्य, शिक्षा वा अर्थका प्रतिनिधिलाई नियमन गर्न सक्ला त ? यसो हुन सम्भव नै छैन । केवल बजेटको तगारो मात्र लगाएर देश चल्ला ? मानिसको ज्यान बच्ला ?

गत वर्ष नै डब्लुएचओले 'पाँचौं विश्व सडक सुरक्षा प्रतिवेदन' सार्वजनिक गरेको छ । प्रतिवेदनले विश्वका धनी मुलुकमा सडक सुरक्षामा सुधार आएको उल्लेख गरे पनि कम आय भएका मुलुकको अवस्था दयनीय देखाएको छ । विश्वमा सडक जोखिममा परी मृत्यु हुनेको संख्यामा केही कमी आएको प्रतिवेदनमा उल्लेख छ । चौथो प्रतिवेदन (सन् २०१८) मा विश्वमा १३ लाख ५० हजार मानिसको ज्यान गएको उल्लेख थियो भने पाँचौं प्रतिवेदनमा सो संख्या ११ लाख ९० हजारमा झरेको छ ।

विश्वमा सबैभन्दा बढी सडक प्रयोगकर्ताको मृत्यु हुने क्षेत्रमध्ये अफ्रिका क्षेत्र पहिलो स्थानमा पर्छ भने दोस्रो स्थानमा दक्षिण तथा पूर्वी एसिया पर्छ । जब कि यी क्षेत्रमा विश्वमा प्रयोग हुनेमध्येको मात्र २६ प्रतिशत सवारी-साधन प्रयोग हुन्छन् । विश्व बैंककै अर्को अध्ययन अनुसार सडक सुरक्षामा ५० प्रतिशत मात्र सुधार आए पनि कुल गार्हस्थ्य उत्पादनमा सातदेखि २२ प्रतिशत वृद्धि हुने उल्लेख छ । चौबीस वर्षको अध्ययनका क्रममा विश्व बैंकले यो तथ्य सार्वजनिक गरेको हो ।

डब्लुएचओले काठमाडौंका स्नायु अस्पतालमा गरेको एक अध्ययन अनुसार अधिकांश घाइतेको टाउकोमा चोट लागेको पाइएको थियो । उनीहरू दुईपांग्रेका प्रयोगकर्ता थिए । विश्वमा हेलमेटको उपयुक्त प्रयोगले मात्र पनि वर्षमा १५ हजार प्रयोगकर्ताको ज्यान सुरक्षित हुने राष्ट्र संघको अध्ययनले देखाएको छ । मारिएका दुईपांग्रेका प्रयोकर्ताको हरेक १० मध्ये चारको मृत्यु हेलमेटको प्रयोगमा भएको कैफियतका कारण भएको पनि अध्ययन देखाएको छ ।

सडकलाई सुरक्षित पार्नेमध्ये पहिलो कदम हो, मानवीय कमजोरी न्यूनीकरण । सवारी दुर्घटना बाढी, पहिरो, आँधीबेहरी तथा भूकम्पजस्तो अचानक आइपर्ने विपत्ति होइन । हामीले गल्ती गरे मात्र दुर्घटना हुन्छ । चाहे चालकले गरोस् वा अन्य सडक प्रयोगकर्ताले । त्यसैले यसलाई घटाएर शून्यमा झार्न सकिन्छ ।

मानवीय कमजोरी सच्याउने एउटै उपाय हो शिक्षा वा चेतना । सडक आफैँमा सुरक्षित हुनुपर्छ, खासगरी यसको डिजाइन र निर्माणमा ध्यान दिइनुपर्छ । सबै किसिमका सडक प्रयोगकर्तालाई उचित स्थान दिएर डिजाइन तथा निर्माण हुनुपर्छ । सडकमा गुड्ने सवारी-साधन पनि सुरक्षित हुनैपर्छ । कथंकदाचित दुर्घटना भइहाले तुरुन्तै १५ मिनेटभित्र अस्पतालको सुविधा उपलब्ध हुनुपर्छ । यति विषयमा मात्र ध्यान दिइए सरकार विश्वसामु लज्जित हुनुपर्दैन भने यता देशवासीको ज्यान पनि सुरक्षित बन्छ ।

आवश्यक कानुन बनाउने, विश्व समुदायसामु व्यक्त गरेका प्रतिबद्धता अनुरूपका अभिसन्धि तथा अन्तर्राष्ट्रिय अनिवार्यता अनुमोदन गर्ने, सोही अनुसारका कानुन निर्माण गर्ने र लागु गर्ने– यी काममा खास खर्च लाग्ने होइनन्, उही गर्छु भन्ने चाहना मात्र हुनुपर्‍यो ।रातोपाटी

# हुलाक सेवा संवेदनशील र महत्वपूर्ण छः सञ्चारमन्त्री गुरुङ



काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले हुलाक सेवा संवेदनशील र महत्वपूर्ण निकाय हुँदाहुँदै पनि राज्यको बेवास्ताका कारण पछि परेको बताउनुभएको छ ।

मन्त्रालयमा सोमबार हुलाक सेवा विभागले 'एक सय ५०औं विश्व हुलाक दिवस' र 'इन्टरपोल एक सयौं वार्षिकोत्सव' शीर्षकका दुई हुलाक टिकटमा टाँचा प्रदानपछि उहाँले हुलाकलाई आधुनिकीकरण गर्न आफू प्रतिबद्ध रहेको बताउनुभयो ।

हुलाक सेवा बलियो नहुँदा सूचना प्रविधिको विकाससँगै निजी क्षेत्रले फाइदा उठाइरहेको मन्त्री गुरुङको भनाइ थियो ।


उहाँले परम्परागत कार्यशैलीमा थप रूपान्तरण गरेर विभागले 'डिजिटल' शैलीमा सेवा प्रदान गर्न जरूरी रहेको बताउनुभयो । जसका लागि सुरक्षण मुद्रण केन्द्रलाई व्यवस्थित गर्दै मन्त्रालय कार्यकारी प्रमुख नियुक्ति प्रक्रिया करिब अन्तिम चरणमा पुगेको मन्त्री गुरुङले जानकारी दिनुभयो । "सुरक्षण मुद्रण केन्द्रको सिइओ बनाइसकेका छौं । अब आफ्नै देशको छापाखानाबाट कागजात छाप्न सक्षम हुन्छौं", उहाँले भन्नुभयो, "सुरक्षण मुद्रण परिचालन हुन थालेपछि धेरै राजस्व बचाउन सकिन्छ ।"रासस

# वैदेशिक लगानीको सुरक्षाका लागि नेपाल सरकार प्रतिबद्ध छः मन्त्री भण्डारी

काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले नेपालमा गरिएको वैदेशिक लगानीको सुरक्षाका लागि नेपाल सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ ।

पाँचदिने औपचारिक भ्रमणका लागि दक्षिण कोरियामा रहनुभएका मन्त्री भण्डारीले नेपाल र गणतन्त्र कोरियाबीच कूटनीतिक सम्बन्ध विस्तारको ५० वर्ष पुगेको अवसरमा बुसान चेम्बर अफ कमर्सको सहयोग एवं कोरियास्थित नेपाली दूतावास कोरिया र कोरिया नेपाल इन्टर नेसनल एक्सचेन्ज एसोसिएनको आयोजनामा आज आयोजित कार्यक्रमलाई सम्बोधन गदै यस्तो बताउनुभएको हो ।

"वैदेशिक लगानीको सुरक्षाका लागि नेपाल सरकार प्रतिबद्ध छ । ढुक्कका साथ लगानी गर्न कोरियन लगानीकर्तालाई म आग्रह गर्दछु", मन्त्री भण्डारीले भन्नुभयो । उहाँ कोरियाले अपर त्रिशूलीमा गरेको लगानीले यस क्षेत्रको विकासमा महत्वपूर्ण योगदान पुगेको भन्दै प्रशंसा गर्नुभएको थियो ।



कोरियाको पुँजी र प्रविधि नेपाल भित्र्याउन चाहेको र आगामी दिनमा नेपाल र कोरियाबीचको आपसी सम्बन्ध थप उचाइमा पुर्याउनुपर्ने बताउँदै मन्त्री भण्डारीले नेपालको उद्योग, व्यापार तथा पर्यटन क्षेत्रको विकासमा लगानी गर्न आग्रह गर्नुभएको उहाँका प्रमुख स्वकीय सचिव आनन्द भट्टले जानकारी दिनुभयो ।

उहाँका अनुसार मन्त्री भण्डारीले महत्वपूर्ण व्यापार साझेदारका रूपमा रहेको कोरियाको भौतिक विकास, ज्ञान, सीप र प्रविधिलाई नजिकबाट नियाली रहेको र कोरियामा भइरहेको विकासबाट नेपालीहरूलाई थप लाभान्वित गर्न चाहेको समेत मन्त्री भण्डारीले बताउनुभएको थियो । नेपालमा युवा जनशक्ति, कच्चापदार्थको उपलब्धता, भौगोलिक विविधताले समेत लगानीको प्रतिफल प्राप्त हुने भएकाले यहाँ लगानी गर्न उहाँले आग्रह गर्नुभयो । "भारत, चीन, बङ्गलादेशलगायत छिमेकी मुलुकको बजारका कारणले समेत नेपाल लगानीको उपयुक्त सम्भावना छ । नेपालमा लगानी गरी व्यवसाय प्रवर्द्धन र थप रोजगारी सृजना गर्न कोरियन लगानीकर्ताहरुलाई सरकारका तर्फबाट गर्नुपर्ने सबै किसिमको सहजीकरण गर्ने प्रतिबद्धता व्यक्त गर्दछु", मन्त्री भण्डारीको भनाइ थियो ।

यसैगरी उहाँले नेपाली युवालाई रोजगारी प्रदान गरेकामा इपियस कोरिया र कोरिया सरकारलाई धन्यवादसमेत व्यक्त गर्नुभएको थियो ।भ्रमणका क्रममा कोरिया सरकारका मन्त्रीसँग आफूले व्यापार तथा लगानी सम्झौता गर्न लागेको मन्त्री भण्डारीले बताउनुभएको उहाँका प्रमुख स्वकीय सचिव भट्टले बताउनुभयो ।रासस

# 'समाजवादी गणतन्त्रले जनताका चाहनलाई सम्बोधन गर्छ'



म्याग्दी । नेकपा (माओवादी केन्द)का उपमहासचिव वर्षमान पुनले समाजवादी गणतन्त्रले मात्रै जनताका चाहनलाई सम्बोधन गर्ने दावी गर्नुभएको छ । नेकपा (माओवादी केन्द) म्याग्दीले सोमबार बेनीमा आयोजना गरेको अगुवा कार्यकर्ता प्रशिक्षण भेलामा उहाँले लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै जनतालाई अधिकार र सुविधा प्रदान गर्न अहिलेको व्यवस्थालाई समाजवादी गणतन्त्रमा रुपान्तरण गर्नुपर्ने बताउनुभयो ।

मुलुकमा राजनीतिक व्यवस्था परिवर्तन भए पनि सत्ता सञ्चालनमा स्थायित्व नहुँदा जनताले चाहे जस्तो विकास र समृद्धि हासिल हुन नसकेको उहाँको भनाइ छ । "मुलुकमा वर्तमान व्यवस्थाप्रति विभिन्न टिकाटिप्पणी हुने गरेको छ, कतिपयले राजतन्त्र ठीक पनि भन्ने गरेका छन्, तर लोकतान्त्रिक गणतन्त्रको विकल्प राजतन्त्र हुन सक्दैन, समाजवादी नीति, कार्यक्रममार्फत जनतालाई सुविधा दिनेतर्फ अग्रसर हुन जरुरी छ", नेता पुनले भन्नुभयो ।

संविधान संशोधनमार्फत प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख चुन्ने पद्दति आवश्यकता रहेको बताउँदै नेता पुनले समानुपातिक, समावेशीता र सामाजिक न्यायलाई प्रभावकारी बनाएर पछाडि परेका वर्ग, समुदायलाई राज्यको मूलधारमा ल्याउनुपर्ने विचार व्यक्त गर्नुभयो ।रासस

# कांग्रेसद्वारा नेता सिंहको निधनप्रति शोक प्रस्ताव पारित

काठमाण्डु । नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको सोमबार बसेको आकस्मिक बैठकदले पूर्वकेन्द्रीय सदस्य, पूर्वमन्त्री एवं काठमाडौं महानगरपालिकाका पूर्वनगर प्रमुख प्रेमलाल (पीएल) सिंहको निधनप्रति गहिरो दुःख व्यक्त गर्दै शोक प्रस्ताव पारित गरेको छ ।

बैठकले नेता सिंहको निधनप्रति दुःख व्यक्त गर्दै श्रद्धाञ्जली अर्पण गरेको छ। साथै, दिवङ्गत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गरेको पार्टी कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो ।



स्व सिंहप्रति सम्मान प्रकट गर्दै बैठकले पुस १, २ र ३ गते तीन दिनसम्म पार्टीको केन्द्रीय कार्यालय, प्रदेश कार्यालय र सबै जिल्ला कार्यालयहरूमा झण्डा आधा झुकाउने निर्णय गरेको छ। यस्तै, पुस २ गते मङ्गलबारका दिन केन्द्र, प्रदेश तथा जिल्ला कार्यालयहरू बन्द गर्ने, स्वर्गारोहणको १३ दिनसम्म केन्द्र, प्रदेश र जिल्ला कार्यालयहरूमा शोकपुस्तिका राख्ने र १३ औं दिनमा काठमाडौंमा शोकसभा आयोजना गर्ने निर्णयसमेत गरिएको पौडेलले बताउनुभयो ।

कांग्रेसका पूर्वकेन्द्रीय सदस्य, जनसट्या तथा वातावरण पूर्वमन्त्री तथा काठमाडौं नगरपालिकाका पूर्वनगरप्रमुख ८८ वर्षीय सिंहको काठमाडौंको चाक्सीबारीमा गएराति १:०० बजे निधन भएको हो । स्व सिंहले लामो समयदेखि सर्वोच्च नेता एवं लौहपुरुष गणेशमान सिंहको सन्निकट रहेर कार्य गर्नुभएको थियो । नेपालको प्रजातान्त्रिक आन्दोलनमा सङ्लग्न रहँदा उहाँले पटक-पटक जेल जीवन व्यतीत गर्नुका साथै भारतमा निर्वासनसमेत हुनुपरेको थियो । प्रजातन्त्र पुनःस्थापनापछि विसं २०४९ को स्थानीय तह निर्वाचनमा कांग्रेसका तर्फबाट उहाँ काठमाडौं नगरपालिकाको पहिलो नगरप्रमुख निर्वाचित हुनुभएको थियो । स्व सिंहकै पहलमा विसं २०५२ मा काठमाडौं नगरपालिकालाई महानगरपालिका घोषणा गरिएको थियो ।

यसैगरी विसं २०५६ मा उहाँ नेपाली कांग्रेस केन्द्रीय कार्यसमिति सदस्य हुनुभएको थियो । स्व सिंहले कांग्रेसको संगठन निर्माण र नेपालको लोकतान्त्रिक आन्दोलनहरूमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएको थियो । उहाँको सक्रिय योगदान पार्टीको इतिहासमा सदा स्मरणीय रहने कांग्रेसले जनाएको छ ।रासस

# कानुन व्यवसायलाई व्यवस्थित बनाउन ऐन परिमार्जन जरुरीः मन्त्री चौरसिया

काठमाण्डु । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजय चौरसियाले कानुन व्यवसायलाई थप मर्यादित र व्यवस्थित बनाउन नेपाल कानुन व्यवसायी परिषद् ऐन परिमार्जन गर्न जरुरी रहेको बताउनुभएको छ ।



राष्ट्रिय सभाअन्तर्गतको विधायन व्यवस्थापन समितिको सोमबारको बैठकमा कानुन व्यवसायी परिषद् ऐन (दोस्रो संशोधन) विधेयक, २०५१ माथिको सैद्धान्तिक छलफलमा उहाँले यस्तो बताउनुभएको हो । "कानुन व्यवसायलाई व्यावसायिक र समयसामयिक बनाउन परिषद्को ऐन परिमार्जन गर्न जरुरी छ", मन्त्री चौरसियाले भन्नुभयो,"अनुशासनको कारबाही, वरिष्ठ अधिवक्ताको मापदण्डलाई थप प्रभावकारी बनाइएको छ, यसले कानुन व्यवसायलाई व्यवस्थित बनाउन सहयोग गर्छ । समितिमा बृहत् छलफल गरेर परिमार्जन गर्नुपर्छ ।"

सोही मन्त्रालयका सचिव उदयराज सापकोटाले लयर्स एकेडेमी खोलेर कानुन व्यवसायीलाई तालिम दिने व्यवस्था गरिएको र विधेयक धेरै विषय परिमार्जन गरेर आएको बताउनुभयो । उहाँले तालिमका लागि स्रोत व्यवस्थापन कसरी गर्ने भन्ने विषयमा भने धेरै प्रश्न उठ्ने गरेको र विधेयकमा विभिन्न चरणमा सजायका प्रावधानहरू रहेको जानकारी दिनुभयो ।

समितिका सभापति तुलसाकुमारी दाहालले विधेयकमाथि सैद्धान्तिक छलफलपछि सरोकार भएका पक्ष र विज्ञसँग छलफल गरेर दफावार छलफल गरिने बताउनुभयो ।रासस

# वर्तमान सत्ता गठबन्धनको उद्देश्य राजनीतिक स्थिरता र विकासमा गतिशीलताः मन्त्री गुरुङ

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाली कांग्रेसको राजनीतिक गठबन्धनको मुख्य उद्देश्य मुलुकमा राजनीतिक स्थायित्व कायम गर्दै विकासमा गतिशीलता ल्याउनु रहेको बताउनुभएको छ ।



काठमाडौंमा सोमबर आयोजित 'दी राइजिङ नेपाल' को ५९औं वार्षिकोत्सव समारोहमा उहाँले देश विकासको मुख्य बाधकका रूपमा रहेको राजनीतिक अस्थिरता अन्त्य गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभएको हो ।

> "विगतमा हामी सधैं सत्ता र राजनीतिक अस्थिरतामै रुमलियौं, जसले गर्दा मुलुकको समृद्धि ओझेलमा परिरहयो । अब यस्तो हुँदैन, यो सरकार जनतामा स्थायित्व महसुस गराउन अभ्यासरत छ ।"

पटक पटक सरकार बन्ने र परिवर्तन हुने प्रवृत्तिले निर्माणाधीन विकास योजना, नीति, नियम र आधारहरू लथालिङ्ग भएको बताउँदै सरकारका प्रवक्ता गुरुङले त्यसैले वर्तमान गठबन्धन सरकारले राजनीतिक स्थायित्वसहितको विकासमा जोड दिएको उल्लेख गर्नुभयो । "राजनीतिक अस्थिरता भयो भने सरकार अस्थिर हुने र सरकार अस्थिर हुँदा त्यसको असर विकास निर्माण र जनतामा समेत पर्ने गरेको छ ।

तसर्थ देशका दुई ठूला दल एमाले र कांग्रेसको सहयकार्यमा सरकार गठन अत्यावश्यक थियो, सोहीअनुसार हामीले गरेका छौं", उहाँ भन्नुहुन्छ,"विगतमा हामी सधैं सत्ता र राजनीतिक अस्थिरतामै रुमलियौं, जसले गर्दा मुलुकको समृद्धि ओझेलमा परिरह्यो । अब यस्तो हुँदैन, यो सरकार जनतामा स्थायित्व महसुस गराउन अभ्यासरत छ ।"रासस

# विद्यालय तथा स्वास्थ्य संस्थाका भवन पुनःनिर्माण गर्दै कर्णाली प्रदेश सरकार

काँक्रेविहार । कर्णाली प्रदेश सरकारले दुई जिल्लामा भूकम्पबाट भत्किएका संरचना पुनःनिर्माण गर्ने भएको छ । गत वर्षको कात्तिक १७ गते जाजरकोटको रामीडाँडा केन्द्रविन्दु भएर गएको भूकम्पबाट भत्किएका विद्यालय तथा स्वास्थ्य संस्था निर्माण गर्न प्रदेश सरकारले नाम र संख्या टुङ्गो लगाएर अख्तियारी प्रदान गरेको हो ।

जाजरकोट र सल्यानमा भूकम्पबाट भत्किएका भौतिक संरचनाको विवरण आए लगत्तै प्राथमिकताका आधारमा पहिलो चरणमा भौतिक संरचना निर्माण गर्न अख्तियारी पठाएको भौतिक पूर्वाधार तथा सहरी विकासमन्त्री शेरबहादुर बुढाले जानकारी दिनुभयो । यही मङ्सिर १८ गते निर्णय गरेर पठाएको उहाँले बताउनुभयो । जाजरकोटको बारेकोट-६ को सीता माध्यमिक विद्यालय पुनःनिर्माणलाई रु ७५ लाख विनियोजन गरिएको छ ।

त्यसैगरी सोही वडाको जनज्योति आधारभूत विद्यालय पुनःनिर्माणलाई रु ५० लाख, बारेकोट-९ स्थित दीपेन्द्र माध्यमिक विद्यालय सक्लालाई रु ७५ लाख, बारेकोट-७ सुवाकोट विद्यालयलाई रु ७५ लाख, बारेकोट-१ बयालमा रहेको भगवती आधारभूत विद्यालयलाई रु ५० लाख विनियोजन गरिएको पूर्वाधार विकास कार्यालय, जाजरकोटका प्रमुख इन्जिनियर भूपेन्द्रप्रसाद जैसीले बताउनुभयो ।

नलगाड नगरपालिका-६ स्थित निर्मल ज्योति आधारभूत विद्यालयलाई रु ७० लाख, नलगाड-८ को पञ्च भयार माध्यमिक विद्यालयलाई रु ७० लाख, नलगाड-७ को त्रिभुवन प्राथमिक विद्यालयको भवन निर्माण गर्न ७० लाख, नलगाड-३ को कैलाशकन्या आधारभूत विद्यालय रु ४५ लाख विनियोजन गरिएको छ ।




त्यसैगरी भेरी नगरपालिका-१० स्थित भैरव आधारभूत विद्यालय भुरचौरलाई रु ५५ लाख, भेरी नगरपालिका-७ को सूर्यज्योति आधारभूत विद्यालय मिथेन्ग्रालाई रु ६० लाख, भेरी ३ स्यालास्थित विजय प्राथमिक विद्यालय रु ५५ लाख विनियोजन गरिएको छ ।

छेडागाड नगरपालिकाको छेडागाड नगरपालिका-७ टिकाचौरस्थित भानुभक्त आधारभूत विद्यालय निर्माण गर्न रु ७५ लाख, छेडागाड-१० स्थित सरस्वती आधारभूत विद्यालय काफ्लाको भवन निर्माण गर्न रु ६० लाख, छेडागाड-९ राजिकोटस्थित शान्ति आधारभूत विद्यालयको भवन निर्माण गर्न रु ६० लाख र छेडागाड-४ को दीपेन्द्र आधारभूत विद्यालय चौरजेवाको भवन निर्माण गर्न रु ६० लाख रकम विनियोजन गरिएको जनाइएको छ ।

कुशे गाउँपालिका-२ स्थित मान्नेढुङ्गा माध्यमिक विद्यालय टालेगाउँलाई रु ७५ लाख, वडा नम्बर ८ को नेपाल राष्ट्रिय प्राथमिक विद्यालय भवन निर्माण सँटालाई रु ७५ लाख, वडा नम्बर ६ को छहरागाउँस्थित पुतली प्राथमिक विद्यालयको भवन निर्माणका लागि रु ६५ लाख विनियोजन गरिएको छ।

त्यसैगरी शिवालय नगरपालिकामा पाँच वटा विद्यालय बन्ने भएका छन् । जनता प्राथमिक विद्यालय शिवालय-८ लाई रु ६० लाख, नेरा मावि शिवालय- २ सिस्नेलाई रु ६० लाख, शिवालय-२ कालिका प्राविलाई रु ६० लाख, नेपाल राष्ट्रिय मावि शिवालय-१ लाई रु ५५ लाख र शिवालय-६ को सरस्वती माविलाई रु ४५ लाख रकम विनियोजन गरिएको छ छ ।

जुनिचाँदे गाउँपालिकामा-५ वटा विद्यालय निर्माण हुने भएका छन् । जसमा जुनिचाँदे-५ को जय गौरव प्रावि खातीगाउँलाई रु ६५ लाख, वडा नम्बर २ को सरस्वती आधाभूत विद्यालयलाई रु ७५ लाख, वडा नम्बर २ को भैरव माविलाई रु ७५ लाख, वडा नम्वर ८ को पदन ज्योति माविलाई रु ७५ लाख र वडा नम्बर ९ को कालिका प्रावि लातालाई रु ४५ लाख विनियोजन गरिएको छ। जाजरकोटमा २२ वटा विद्यालय पहिलो चरणमा पुनःनिर्माण हुन लागेका हुन्।

**कहाँ कहाँ निर्माण हुादैछन् स्वास्थ्य संस्था ?**

बारेकोट-३ स्थित सामुदायिक स्वास्थ्य एकाइ कठर रुससिललाई रु ५० लाखमा भवन निर्माण गर्न लागिएको छ । त्यस्तै वडा नम्बर ४ को जिरीमा रहेको सामुदायिक स्वास्थ्य एकाईलाई रु ५० लाखमा पूर्वाधार निर्माण गर्न लागिएको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयका प्रवक्ता रमेश सुवेदीले बताउनुभयो ।

नलगाड नगरपालिका १२ को भगवती स्वास्थ्य चौकी औलगुत्तालाई रु ५० लाख, वडा नम्बर ४ को स्वास्थ्य चौकी लहँलाई रु ४५ लाख विनियोजन गरिएको छ। भेरी नगरपालिका-२ को स्वास्थ्य चौकी बाहुनथानालाई रु ४० लाख, वडा नम्बर ६ को गंगटियालाई रु ४० लाख विनियोजन गरिएको छ। छेडागाड नगरपालिका-१३ कार्कीगाउँ स्वास्थ्य चौकीलाई रु ५० लाख, वडा नम्बर ८ को सामुदायिक स्वास्थ्य एकाई रुवलाई रु ५० लाख, वडा नम्बर ६ को सुवानाउली स्वास्थ्य एकाइलाई रु ४५ लाख रकम विनियोजन गरिएको छ । जुनिचाँदे गाउँपालिका-२ स्थित मजकोट स्वास्थ्य चौकी निर्माण गर्न रु ५० लाख, वडा नम्बर ११ को कोताङ स्वास्थ्य चौकी निर्माण गर्न ५० लाख विनियोजन गरिएको छ।

सल्यानको दामा गाउँपालिकामा चार वटा विद्यालय निर्माण हुने भएका छन् । दार्मा गाउँपालिका-५ स्थित अन्नासक आधारभूत विद्यालयलाई रु ७५ लाख, वडा नम्बर ४ को कालिका आधाभूत विद्यालयलाई रु ७५ लाख विनियोजन गरिएको छ । सिद्धकुमाख गाउँपालिकाको ४ सागिनेमा रहेको जनसेवा आधारभूत विद्यालयलाई रु २५ लाख र शारदा नगरपालिका-५ को जनकल्यान आधारभूत विद्यालयलाई रु २५ लाख रकम विनियोजन गरिएको छ । स्वास्थ्य संस्थाहरुमा कुमाख गाउँपालिका-३ सामुदायिक स्वास्थ्य एकाई निर्माण गर्न रु ५० लाख, बागचौर नगरपालिका-३ को आधारभूत स्वास्थ्य केन्द्र निर्माण गर्न रु २५ लाख विनियोजन गरिएको छ । रुकुम-पश्चिममा भने अझै निर्माणका लागि भौतिक संरचनाको टुङ्गो लागेको छैन ।रासस

# 'खेलकुदको विकासका लागि प्रदेश सरकारले सहयोग गर्छ'

धरान । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले खेलकुदको विकासका लागि प्रदेश सरकारले सदैव सहयोग गर्ने बताउनुभएको छ । धरान उपमहानगरपालिका-१२ स्थित मेघा हिमालयन कलेजमा सोमबार सुरु भएको रेवाहाङ मेमोरियल बास्केटबल प्रतियोगिता उद्घाटन गर्दै उहाँले खेलकुद बोर्डबाट हुन सक्ने सबै सहयोग गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनुभयो ।

"बजेटले मात्र खेलकुदको विकास हुँदैन, व्यवस्थापन सही हुनुपर्छ, नीति तर्जुमा हुनुपर्ने साथै प्रशिक्षकहरु पनि राम्रो हुनुपर्छ, त्यसका लागि हामी सहयोग गर्छौं," मुख्यमन्त्री कार्कीले भन्नुभयो ।स्व खेलाडी रेवाहाङ रूछेन्चुङ राईको सम्झनामा विद्यालयस्तरीय तेस्रो यु-१८ धरान मेघा रेवाहाङ मेमारियल अन्तर कलेज बास्केटबल प्रतियोगिता आयोजना गरिएको र प्रतियोगितामा १२ वटा टोली सहभागी रहेको आयोजक मेघा कलेजका अध्यक्ष कैलाश लिम्बूले बताउनुभयो।

विजेता टोलीलाई नगद रु २५ हजार, उपविजेतालाई नगद रु १२ हजार पाँच सयसहित ट्रफी, मेडल र प्रमाण प्रदान गरिने प्रतियोगिता संयोजक तथा बास्केटबल प्रशिक्षक विकास चाम्लिङ राईले जानकारी दिनुभयो ।रासस

# सुदूरपश्चिमले कर्णालीलाई हरायो, प्लेअफको समीकरण पूरा



काठमाण्डु । नेपाल प्रिमियर लिग (एनपिएल) अन्तर्गत लिग चरणको अन्तिम खेलमा सुदूरपश्चिम रोयल्सले कर्णाली याक्सलाई ६ विकेटले हराएको छ ।

त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा सोमबार कर्णालीले दिएको एक सय दुई रनको लक्ष्य सुदूरपश्चिमले १५ दशमलव २ ओभरमा ४ विकेट गुमाउँदै पूरा गरेको हो । सुदूरपश्चिमका लागि कप्तान दीपेन्द्र सिंह ऐरी र इशान पाण्डेले समान ३८/३८ रन बनाए ।

यस्तै सैफ जैबले ११, विनोद भण्डारी र आरिफ सेखले समान ४/४ रन बनाउँदा ब्राण्डोन म्याकमुलेनले तीन रन जोडे । सुदूरपश्चिमले अतिरिक्त ७ रन प्राप्त गर्यो । बलिङतर्फ कर्णालीको लागि कप्तान सोमपाल कामी, विपीन शर्मा र नन्दन यादवले समान एक/एक विकेट हात पारे ।

त्यसअघि, टस हारेर ब्याटिङको निम्तो पाएको कर्णालीले निर्धारित २० ओभरमा दश विकेट गुमाएर एक सय एक रन बनाएको थियो । कर्णालीका लागि जिशान मकसूदले सर्वाधिक ३० रन बनाए । उनले ३५ बलमा ४ चौकाको मद्दतले ३० रन बनाएका हुन् । विलियम बोसिस्टोले १६, बाबर हयातले १३, कप्तान सोमपाल कामी र चाडविक वाल्टनले समान ११/११ रन बनाए ।

यस्तै, कर्णालीको लागि देव खनालले ७, अर्जुन घर्तीले अविजित रहदैँ ३ र गुलसन झाले २ रनको योगदान दिए । कर्णालीले अतिरिक्त ८ रन प्राप्त गर्यो । बलिङतर्फ सुदूरपश्चिमका लागि हरमित सिंहले सर्वाधिक तीन विकेट लिए । यस्तै, कप्तान दीपेन्द्र सिंह ऐरी र स्कट कुग्गेलिजनले समान दुई/दुई विकेट लिँदा सैफ जैबले एक विकेट हात पारेका थिए ।

प्लेअफको समीकरण पूरा

एनपिएलको लिग चरणका खेलहरू सकिएसँगै प्लेअफ समीकरण पूरा भएको छ । सुदूरपश्चिमसँग हारका बाबजुद पनि कर्णाली प्लेअफमा पुगेको हो । काठमाडौं गुर्खाज भने प्लेअफको दौडबाट बाहिरिएको छ । जनकपुर बोल्ट्स, चितवन राइनोज र सुदूरपश्चिम रोयल्स यसअघि नै प्लेअफ चरणमा पुगिसकेका छन् ।

एनपिएलको पहिलो क्वालिफायरमा सुदूरपश्चिम र जनकपुर भिड्ने पक्का भएको छ भने चितवन र कर्णालीबीच इलिमिनेटरमा प्रतिस्पर्धा हुनेछ ।रासस

# एशिया कपमा पाकिस्तानलाई हराउँदै नेपाल सेमिफाइनलमा

**बीबीसी**

काठमाण्डु । टेस्ट टोली पाकिस्तानसँग १९ वर्षमुनिको प्रतियोगितामा पहिलो भेटमै नेपालले जितको स्वाद चाखेको छ।

मलेशियामा सञ्चालन भइरहेको १९ वर्षमुनिको एसीसी विमिन्स यू-१९ एशिया कपमा नेपालले पाकिस्तानलाई छ विकेटले पराजित गरेर इतिहास रचेको हो।उमेर समूहमा पहिलो पटक आमनेसामने भएको नेपालले टेस्ट प्रतिद्वन्द्वीलाई पाँच विकेटको क्षतिमा १०४ रनमा रोक्यो। जबाफमा नेपालले १९ ओभरमा ४ विकेट गुमाई लक्ष्य पूरा गर्‍यो।

जितसँगै नेपाल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ। पाकिस्तान अघिल्लो खेलमा भारतसँग पराजित भइसकेकोले नेपाल एक खेलअगाडि नै सेमिफाइनलमा पुगेको हो। नेपालको जितमा कप्तान पूजा महतोले महत्त्वपूर्ण भूमिका खेलिन्। उनले ४७ बलमा अविजित ४७ रन बनाइन्। उनलाई सिमना केसीले १२ रन बनाएर साथ दिएकी थिइन्।

पूजाले उपकप्तान सोनी पाख्रिनसँग तेस्रो विकेटका लागि ३१ रनको साझेदारी गरेकी थिइन् जसले जितको आधार तय गरेको थियो।दुई रन लिने दाउमा पाख्रिन १३ रन बनाएर खेलिरहेको बेला रन आउटको शिकार बन्न पुगेकी थिइन्। त्यसपछि पूजाले खेल सम्हाल्दै टोलीलाई जिततिर दोहोर्‍याएकी हुन्।

उनीबाहेक नेपालका लागि साना प्रविनले १० तथा सावित्री धामिले ८ रन बनाएका थिए।यसअघि टस जितेर पहिलो ब्याटिङ रोजेको पाकिस्तानविरुद्ध नेपालले शानदार बलिङ गरेको थियो।पाकिस्तानका लागि कोमल खानले ४४ बलमा २ चौकासहित सर्वाधिक ३८ रन बनाएकी थिइन्। उनी पछि महम अनिसले २९ रन तथा रभेल फरहानले १३ रन जोडिन्।

नेपालबाट कप्तान पूजा महतोले २ तथा रिया शर्मा, रचना चौधरी र सिमना केसीले १/१ विकेट लिएका थिए। उन्नाइस वर्षमुनिका नेपाली महिला क्रिकेट खेलाडीको राष्ट्रिय टोली अहिले स्वप्निल उडानमा छ।पूजा महतोको कप्तानीमा उक्त टोलीले गत महिना आईसीसी यू-१९ विश्वकप एशिया छनोटको उपाधि जितेर कीर्तिमान बनायो।



टोलीले अन्तर्राष्ट्रिय खेलमा आफ्नो प्रतिभा र कौशल देखाउने अपेक्षा विश्लेषकहरूको छ।नेपाली यू-१९ टोली यही साता मलेशियामा एसीसी यू-१९ विमिन्स् एशिया कपमा र अर्को महिना यू-१९ विश्वकपमा सहभागी हुने छ। युवा महिला टोलीले विश्वकप यू-१९ मा पाइला टेकेको यो पहिलो पटक हो।विश्वकपमा छनोट भएकै कारण नेपाली टोली यू-१९ एशिया कपमा स्वतः छनोट भएको हो।

प्रशिक्षक महेशप्रसाद रिजाल भन्छन्, "विश्वकप छनोट जित्नु अभियान थियो। एशिया कपले अनुभव दिने छ अनि त्यसले विश्वकपमा बल दिने छ" पछिल्लो एक वर्ष नेपाली क्रिकेटको भारत र पाकिस्तानसँग भेट हुनुको गजबको संयोग बन्यो।गत वर्ष मङ्सिरमा सिनिअर पुरुष टोली पहिलो पटक एशिया कपमा छनोट हुँदा लीग चरणमा भारत र पाकिस्तानसँग भेट भएको थियो।छिमेकी टेस्ट राष्ट्रसँग नेपाली पुरुष टोली पहिलो पटक आमनेसामने भएको उक्त खेललाई कतिपय नेपाली समर्थकहरूले सम्झिरहने गर्छन्।

त्यसलगत्तै सिनिअर महिला टोली पनि महिला एशिया कपमा छानियो। पाँच महिनाअघिको उक्त प्रतियोगिता पनि नेपालको प्रतिद्वन्द्वी उही भारत र पाकिस्तान नै थियो। महिला टोलीको भेट भने दोस्रो पटक थियो।अब पालो यू-१९ महिला टोलीको हो। प्रतियोगितामा भारत र पाकिस्तानसँगै नेपाल समूह 'बी' मा छ। नेपालले अब पुस ३ गते भारतसँग खेल्ने छ। यूएईमा छनोट भएर फर्किएपछि क्यानले खेलाडीहरूको प्रशिक्षण सुरु गरिसकेको थियो।

विगत दुई हप्ता खेलाडीहरूलाई बन्द प्रशिक्षणमा राखियो। त्यस क्रममा उनीहरूले सिनिअर राष्ट्रिय टोलीसँग तीनवटा अभ्यास खेल खेले।प्रशिक्षक रिजालका अनुसार मूलपानीमा बन्द प्रशिक्षण भएपछि खेलाडीहरूमा ऊर्जा बढेको र टोली एशिया कपका लागि उत्साहित देखिएको छ।"छनोट खेलमा जस्तो जुझारु प्रदर्शन गरेका थिए, त्यसैलाई निरन्तरता होस् भन्ने हाम्रो प्रयास हुने छ"

प्रशिक्षणका क्रममा राष्ट्रिय टोलीका प्रशिक्षक मोन्टी देसाईले पनि खेलाडीहरूको कमजोरी नियाल्दै त्यसमा सुधारका लागि सुझावहरू दिएका थिए। मुख्य समस्या खेलाडीहरूको तन्दुरुस्तीमा देखिएको थियो। छनोट प्रतियोगिताका क्रममा खेलाडीहरूले थुप्रै क्याचका अवसर मात्रै गुमाएका थिए भने फील्डिङका क्रममा दौडिन नसक्दा विपक्षी टोलीहरूले बढी रन बनाएका थिए।

तर तीन महिनाको अवधिमा 'फिटनेस'मा धेरै सुधार आइसकेको प्रशिक्षक रिजाल बताउँछन्। त्यसका लागि छुट्टै प्रशिक्षकको व्यवस्था गरिएको थियो। त्यस्तै 'रनिङ बिट्वीन द विकेट', डट बल फ्याल्ने तरिका, रन बनाउने कलाजस्ता विषयमा विशेष ध्यान दिइएको प्रशिक्षक रिजाल बताउँछन्।

खेलाडीहरूको मनोवैज्ञानिक पक्षमा पनि विशेष प्रशिक्षण दिइएको उनको भनाइ छ। पहिलो पटक एशिया कपमा पुगेकाले टोलीमा छुट्टै ऊर्जा थपिएको कप्तान पूजा महतो बताउँछिन्।"आत्मविश्वास बढेको छ। २० ओभरको खेल हो, हामी केही अप्रत्याशित नतिजा दिने प्रयासमा छौँ," उनले भनिन्।यही मङ्सिर ३० गतेदेखि पुस ७ गतेसम्म आयोजना हुने खेलको लागि टोली बिहीवार मलेशियामा पुगिसकेको छ।

त्यसअघि बुधवार नेपाल प्रिमिअरको खेल सकिएपछि कीर्तिपुर क्रिकेट मैदानमा टोलीको बिदाइ गरिएको थियो।क्यानले पूजा महतोको कप्तानीमा १५-सदस्यीय टोली घोषणा गर्दा एशिया छनोट जितेको टोलीकी एक सदस्य मनिषा उपाध्यायबाहेक अरू सबै खेलाडी समेटिएका छन् ।त्यसमा किरणकुमारी कुँवर र अनु कडायत थपिएका छन्। बाँकी सबै सदस्यहरूले निरन्तरता पाएका छन्।

# एनपिएलमा चल्न नसकेको 'पोखरा एभेन्जर्स'

काठमाण्डु । नेपाल प्रिमियर लिग (एनपिएल)को ट्रफी सार्वजनिक गर्ने क्रममा प्रधानमन्त्री केपी शर्मा ओलीले भन्नुभएको थियो, "पोखरा एभेन्जर्सका मार्की खेलाडी कुशल भुर्तेल बलर हुन् कि ब्याटर छुट्ट्याउन गाह्रो हुने उहाँको कौसल छ । मैले मात्र होइन्, विश्वले नै छुट्याउन सकिरहेको छैन जस्तो लाग्छ ।"



जारी एनपिएलमा पोखराका कप्तान तथा मार्की खेलाडी कुशललाई बलर हुन् कि ब्याटर छुट्याउनै सकस पर्‍यो । उनी नत ब्याटिङतर्फ चल्न सके, न बलिङमा नै जमे । नेपाली राष्ट्रिय क्रिकेट टोलीका ओपनर भुर्तेललाई लिएर जुन अपेक्षा गरिएको थियो । त्यो अपेक्षा पूरा हुन सकेनन् । जारी एनपिएलमा कप्तान कुशलको प्रदर्शन निराशाजनक रहे जस्तै 'पोखरा एभेन्जस' पनि खेलमा अगाडि बढ्न सकेन ।

**चल्न नसकेको ब्याट**

पोखरा एभेन्जर्सका कप्तान तथा मार्की खेलाडी हुन्, नेपाली राष्ट्रिय क्रिकेट टोलीका ओपनर भुर्तेल । एनपिएलमा कुशलको प्रदर्शन खासै राम्रो भने हुन सकेन । आफ्नो पहिलो खेलमा चितवन राइनोजविरूद्ध ब्याटिङतर्फ उनी पहिलो बलमै आउट हुन पुगेका थिए । चितवनसँगको खेलमा बलिङतर्फ पनि एक ओभरमै १० रन खर्चिएका थिए । तर, खेलमा उनले तीन वटा क्याच भने समातेका थिए ।

दोस्रो खेलमा पनि जनकपुर बोल्ट्सविरूद्ध उनी चल्न सकेनन् । उनी जनकपुरविरूद्ध ६ बलमा एकचौका प्रहार गर्दै ६ रन मात्रै बनाएर आउट हुन पुगे । बलिङतर्फ पनि दुई दशमलव एक ओभरमा १८ रन खर्चिदैं एक विकेट मात्रै हात पारे । तेस्रो खेलमा भने पोखराले लुम्बिनी लायन्सलाई १० विकेटले हरायो । यो खेलमा कप्तान भुर्तेलले बलिङ गरेनन् । ओपनर दुई खेलाडी एन्ड्रिज गौस र दिनेश खरेलले अविजित रहदैँ खेल जितेपछि भुर्तेललाई ब्याटिङ गर्नुपरेन ।

चौँथो खेलमा पोखरा कर्णाली याक्ससँग ७ विकेटले पराजित भयो । यो खेलमा भुर्तेलले पोखराको लागि १० रन मात्रै बनाए । उनले ११ बलमा एक छक्काको मद्दतले १० रन मात्रै बनाए । यद्यपि, बलिङतर्फ एक ओभरमा १४ रन खर्चिएर एक विकेट भने हात पारे ।

आफ्नो पाचौं खेलमा पोखराले विराटनगर किङ्सलाई सुपरओभरमा हराएको थियो । यो खेलमा कुशलको ब्याट मैदानमा केही समय टिक्यो । कुशलले ब्याटिङतर्फ विराटनगरविरूद्ध ३१ रन जोडे । बलिङतर्फ पनि ४ ओभरमा ३२ रन खर्चिएर एक विकेट हात पारे ।

छैठौं खेलमा पोखरा काठमाडौंसँग स्तब्ध बन्यो । काठमाडौंले पोखरालाई ६ विकेटले हरायो । यो खेलमा पनि कुशलको प्रदर्शन निराशाजनक नै रह्यो । कुशलले काठमाडौंविरूद्ध ब्याटिङतर्फ १० बलमा ७ रन बनाएर आउट भए । बलिङतर्फ एक विकेट पनि झार्न सकेनन् । तर, २ ओभर बलिङ गरेका भुर्तेलले १२ रनमात्रै खर्चिए ।

एनपिएलको लिग चरणको आफ्नो सातौं अर्थात् अन्तिम खेलमा पनि भुर्तेलको ब्याट चल्नै सकेन् । सुदूरपश्चिम रोयल्सले उक्त खेलमा पोखरालाई ५ रनले हरायो । सुदूरपश्चिम रोयल्सविरूद्ध भुर्तेल ब्याटिङतर्फ शून्य रनमै आउट भए । तर, बलिङतर्फ भने २ विकेट हात पारे । ४ ओभर बलिङ गरेका भुर्तेलले २७ रन भने खर्चिए ।

जारी एनपिएलका ७ वटा खेलबाट पोखराका कप्तान भुर्तेलले कूल ५४ रन बनाएका छन् । उनले उच्च स्कोर ३१ छ, जुन उनले विराटनगरविरूद्ध बनाएका थिए । जारी एनपिएलमा भुर्तेलले दुई छक्का र चार चौका प्रहार गरेका छन् । एनपिएलमा उनले कूल पाँच विकेट आफ्नो नाममा दर्ता गरेका छन्,भने एक सय १३ रन खर्चिएका छन् ।

**विदेशी खेलाडीको सन्तोषजनक प्रदर्शन**

पोखराले एनपिएलका लिग चरणका सातवटा दुई वटा खेल मात्रै जित्यो । पोखराको खेलमा विदेशी खेलाडीले सक्दो प्रयार गरे । तर, स्वदेशी खेलाडी मैदानमा चल्न नसक्दा पोखराको प्रदर्शन निराशाजनक रह्यो । पोखराबाट नेदरल्याण्डका बास डे लिड, वेष्ट इन्डिजका रेमन रेफर, इग्ल्याण्डका म्याट क्रिचले र जेन मलिक, स्कटल्याण्डका माइकल लीस्क, अमेरिकाका एन्ड्रिज गौस एनपिएल खेलेका थिए । उनीहरूको प्रदर्शन सन्तोषजनक नै रह्यो ।

पोखराबाट एनपिएलका ७ वटै खेल खेलेका माइकल लीस्कले कुल ४४ रन बनाउँदा बलिङतर्फ तीन विकेट हात पारे । वेष्ट इन्डिजका रेमन रेफरको पनि एनपिएलमा प्रदर्शन सन्तोषजनक नै रह्यो । पोखराबाट लिग चरणका सबै खेल खेलेका उनले कूल १४६ रन बनाए भने ५ विकेट आफ्नो नाममा दर्ता गरे ।

अमेरिकाका एन्ड्रिज गौस पोखराबाट एनपिएलका ६ खेल खेले । ६ खेलबाट उनले कूल दुई सय २४ रन बनाए । उनले एक शतक पनि प्रहार गरे । ४ खेल खेलका इंग्ल्याण्डका म्याट क्रिचलेले कुल ३२ रन बनाउँदा एक विकेट आफ्नो नाममा दर्ता गरे । इंग्ल्याण्ड जेन मलिकले दुई खेलबाट १४ रन जोड्दा नेदरल्याण्डका बास डे लिडले एक खेलबाट दुई विकेट आफ्नो नाममा दर्ता गरे ।

**चल्नै नसकेका स्वदेशी खेलाडी**

पोखराबाट एनपिएल खेलेका केही स्वदेशी खेलाडीको प्रदर्शन मध्यम रहेपनि केही खेलाडी भने चल्नै सकेनन् । आशा लाग्दा केही खेलाडीले निराशाजनक प्रदर्शन गर्न गरे । पोखराबाट खेलेका दिनेश खरेलको प्रदर्शन भने प्रशंसनीय नै रह्यो । उनले ७ खेलबाट एक सय ६२ रन बनाए । साथै, एक विकेट पनि आफ्नो नाममा दर्ता गराए । यस्तै, ७ वटै खेल खेलेका विपीन खत्रीले कुल २४ रन बनाउँदा बलिङतर्फ ९ विकेट लिए ।

पोखराबाटै ७ खेल खेलेका सागर ढकालले कूल २ रन बनाउँदा बलिङतर्फ भने ५ विकेट आफ्नो नाममा दर्ता गरे । दिलीपनाथ र नारायण जोशी पोखराबाट ६/६ खेल खेले । दिलीपले ६ खेलबाट ४६ रन बनाए भने जोशीले ३८ रन बनाए ।पोखराबाट ४ वटा खेल खेलेका आकाश चन्दले एक रन मात्रै बनाउँदा तीन खेल खेलेका किरण ठगुन्नाले ३३ रन बनाउन सफल भए । पोखराबाट एक खेल खेलेका आर्कषित गोमेलले ८ रन जोड्दा एक खेल खेलेका त्रितराज दास र सुदीप अर्यालले एक रन पनि जोड्न सकेनन् ।रासस

# बङ्गलादेशमा एक बर्षभित्र निर्वाचन हुने

**एएफपी**

ढाका । बङ्गलादेशमा आगामी एक बर्षभित्र निर्वाचन हुने सोमबार अन्तरिम नेतृत्वले जनाएको छ ।



बङ्गलादेशमा अगष्टमा विद्यार्थी आन्दोलनले तत्कालिन प्रधानमन्त्री शेख हसिना वाजेदलाई अपदस्थ गरी बनेको कामचलाउ सरकारको नेतृत्व गरिरहेका अन्तरिम नेता मोहम्मद युनुसले आगामी वर्षको अन्त्य वा सन् २०२६ को सुरुमा आम निर्वाचन हुने बताउनुभएको हो । गत अगस्टमा पूर्वप्रधानमन्त्री शेख हसिनालाई सत्ताच्युत गर्ने विद्यार्थी नेतृत्वको विद्रोहपछि नोबेल शान्ति पुरस्कार विजेता युनुसलाई बङ्गलादेशको सरकारको नेतृत्व सुम्पिएको थियो ।

उहाँले करिब १७ करोड जनसङ्ख्या रहेको बङ्गलादेशमा लोकतान्त्रिक संस्थाहरूको पुनर्स्थापना गर्ने ' अत्यन्त कठिन' चुनौतीको सामना गर्ने र निर्वाचन गर्ने जिम्मेवारीलाई स्वीकार्दै अस्थायी प्रशासनको नेतृत्व गरिरहनुभएको छ । "सन् २०२५ को अन्त्य वा सन् २०२६ को पूर्वार्द्धसम्ममा निर्वाचनको मिति तय गर्न सकिन्छ," उहाँले सरकारी टेलिभिजनमा भएको एक कुराकानीमा बताउनुभएको छ ।

> "राजनीतिक दलले त्रुटिरहित मतदाता नामावलीजस्ता न्यूनतम सुधारका साथ पहिलेकै मितिमा निर्वाचन गर्न सहमत भएमा नोभेम्बरको अन्त्यसम्ममा निर्वाचन गर्न सकिन्छ ।"

गत अगस्टमा ढाकास्थित प्रधानमन्त्रीको कार्यालयमा हजारौँ प्रदर्शनकारीले आक्रमण गरेपछि ७७ वर्षीया हसिना हेलिकप्टरबाट छिमेकी मुलुक भारततर्फ भाग्नुभएको थियो । हसिनालाई सत्ताच्युत गर्ने आन्दोलनका क्रममा केही हप्ता मासयौँ मानिसहरूको मृत्यु भएको र अधिकांशको प्रहरीको गोलीबाट मृत्यु भएको थियो । हसिनाको अवामी लिग पार्टीका प्रमुख समर्थकहरूविरुद्ध प्रतिशोधपूर्ण हत्यामा उहाँको पलायन पछिको केही घण्टामा कैयौँ अवामी लिग समर्थक कार्यकर्ताको पनि मृत्यु भएको थियो ।

उनको सरकारमाथि अदालत र निजामती सेवाको राजनीतिकरण गर्नुका साथै आफ्नो शक्तिमाथिको लोकतान्त्रिक नियन्त्रणलाई ध्वस्त पार्ने एकतर्फी निर्वाचन गराएको आरोप पनि लागेको थियो।हसिनाको १५ वर्षे शासनकालमा व्यापक रूपमा मानव अधिकार उल्लङ्घन भएको थियो, जसमा उनका राजनीतिक विरोधीहरूलाई सामूहिक हिरासतमा राख्नु र गैरन्यायिक हत्याहरू पनि समावेश थिए।

**दलहरूको सहमतिमा मिति तय गरिने**

युनुसले आवश्यक सुधारको अनुगमनका लागि आयोगहरू गठन गर्नुभएको छ । निर्वाचनको मिति तोक्ने कुरा राजनीतिक दलहरूको सहमतिमा निर्भर गर्नेछ । युनुसले भन्नुभयो, "निर्वाचनको व्यवस्था गर्नुअघि नै मैले सुधार गर्नुपर्छ भन्ने कुरामा जोड दिँदै आएको छु ।"उहाँले अगाडि भन्नुभयो, "राजनीतिक दलले त्रुटिरहित मतदाता नामावलीजस्ता न्यूनतम सुधारका साथ पहिलेकै मितिमा निर्वाचन गर्न सहमत भएमा नोभेम्बरको अन्त्यसम्ममा निर्वाचन गर्न सकिन्छ ।"

तर निर्वाचन सुधारको पूर्ण सूची समावेश गर्दा केही महिना ढिला हुने उहाँको भनाइ छ ।प्रधानमन्त्री युनुसले भन्नुभयो, "आवश्यक सुधारमध्ये एक अद्यावधिक मतदाता सूची हो, जुन वर्षौंको अस्थिर लोकतान्त्रिक प्रक्रियापछि ' जटिल' चुनौती हो । यसले सूचीबाट गैर-मतदाताको नामहरू हटाउनुका साथै द्रूत गतिमा बढ्दो युवा जनसङ्ख्याले पहिलो पटक मतदाता नामावली दर्ता गर्नु आवश्यक छ ।

युनुसले चुनावमा शतप्रतिशत मतदान सुनिश्चित गर्ने सपना देखेको बताउनुभयो । उहाँले भन्नुभयो, "यदि यो हासिल गर्न सकियो भने कुनै पनि सरकारले फेरि नागरिकको मताधिकार खोस्ने आँट गर्ने छैन ।

बङ्गलादेशमा पछिल्लो पटक गत जनवरीमा आम निर्वाचन भएको थियो । निर्वाचन स्वतन्त्र र निष्पक्ष हुने कुरामा आशङ्का व्यक्त गर्दै विपक्षी दलहरूले उक्त निर्वाचनलाई बहिस्कार गरेका थिए भने निर्वाचनमा हसिनाको दल अवामी लिगलाई दुर्य तिहाई सीट प्राप्त भएको थियो । बङ्गलादेश नेशनलिस्ट पार्टी (बीएनपी) जस्ता पूर्व विपक्षी समूहहरू हसिनाको नेतृत्वमा वर्षौंको दमनपछि अहिले सङ्गठनको पुनर्निर्माण गरिरहेका छन्।

# विदेशी मुद्राको विनिमय दर

काठमाण्डु । नेपाल राष्ट्र बैंकले सोमबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ । सोमबारका लागि तय भएको विनिमय दर अनुसार, युरोपियन युरो, साउदी अरेबियन रियाल, कुवेती दिनार, बहराइन दिनारलगायतको मूल्य बढेको छ । त्यसैगरी युके पाउन्ड स्टर्लिङ, अष्ट्रेलियन डलर, क्यानेडियन डलर, सिङ्गापुर डलरलगायतको भने भाउ घटेको छ ।

नेपाल राष्ट्र बैंकले तोकेको विनिमयदर अनुसार सोमबारका लागि अमेरिकी डलर एकको खरिददर एक सय ३५ रुपैयाँ ३७ पैसा र बिक्रीदर एक सय ३५ रुपैयाँ ९७ पैसा कायम भएको छ । पैसा, कतारी रियाल एकको खरिदर ३७ रुपैयाँ १३ पैसा र बिक्रीदर ३७ रुपैयाँ ३० पैसा कायम गरिएको छ ।

केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिददर तीन रुपैयाँ ४३ पैसा र बिक्रीदर तीन रुपैयाँ ९९ पैसा, युएई दिराम एकको खरिददर ३६ रुपैयाँ ८६ पैसा र बिक्रीदर ३७ रुपैयाँ ०२ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३० रुपैयाँ ४२ पैसा र बिक्रीदर ३० रुपैयाँ ५६ पैसा निर्धारण भएको छ । साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ ४३ पैसा र बिक्रीदर नौ रुपैयाँ ४७ पैसा, स्विडिस क्रोनर एकको खरिददर १२ रुपैयाँ ३३ पैसा र बिक्रीदर १२ रुपैयाँ ३८ पैसा




युरोपियन युरो एकको खरिददर एक सय ४२ रुपैयाँ १७ पैसा र बिक्रीदर एक सय ४२ रुपैयाँ ८० पैसा, युके पाउन्ड स्टर्लिङ एकको खरिददर एक सय ७० रुपैयाँ ८३ पैसा र बिक्रीदर एक सय ७१ रुपैयाँ ५९ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर एक सय ५१ रुपैयाँ ६३ पैसा र बिक्रीदर एक सय ५२ रुपैया ३० पैसा तोकिएको छ । केन्द्रीय बैंकले अष्ट्रेलियन डलर एकको खरिददर ८६ रुपैयाँ १४ पैसा र बिक्रीदर ८६ रुपैयाँ ५२ पैसा, क्यानेडियन डलर एकको खरिददर ९५ रुपैयाँ १२ पैसा र बिक्रीदर ९५ रुपैयाँ ५४ पैसा, सिङ्गापुर डलर एकको खरिददर एक सय रुपैयाँ ३५ पैसा र बिक्रीदर एक सय रुपैयाँ ८० पैसा निर्धारण गरेको छ ।


त्यसैगरी जापानी येन १० को खरिददर आठ रुपैयाँ ८१ पैसा र बिक्रीदर आठ रुपैयाँ ८५ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ६० पैसा र बिक्रीदर १८ रुपैयाँ ६९ पैसा,साउदी अरेबियन रियाल एकको खरिददर ३६ रुपैयाँ ०३ पैसा र बिक्रीदर ३६ रुपैयाँ १९ र डेनिस क्रोनर एकको खरिददर १९ रुपैयाँ ०६ पैसा र बिक्रीदर १९ रुपैयाँ १५ पैसा तोकिएको छ ।

राष्ट्र बैङ्कले हङकङ डलर एकको खरिददर १७ रुपैयाँ ४१ पैसा र बिक्रीदर १७ रुपैया ४९ पैसा र कुवेती दिनार एकको खरिददर चार सय ३९ रुपैयाँ ७६ पैसा र बिक्रीदर चार सय ४१ रुपैयाँ ७० पैसा, बहराइन दिनार एकको खरिददर तीन सय ५९ रुपैयाँ ०७ पैसा र बिक्रीदर तीन सय ६० रुपैयाँ ६६ पैसा कायम गरेको छ ।

त्यसैगरी ओमनी रियाल एकको खरिददर तीन सय ५१ रुपैयाँ ६१ पैसा, बिक्रीदर तीन सय ५३ रुपैयाँ १७ पैसा तोकिएको छ । भारतीय रुपैयाँ एक सयको खरिददर एक सय ६० रुपैयाँ र बिक्रीदर एक सय ६० रुपैयाँ १५ पैसा तोकेको छ ।राष्ट्र बैङ्कले यो विनिमय दरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैङ्कले तोक्ने विनिमय दर भने फरक हुनसक्ने र अद्यावधिक विनिमय दर केन्द्रीय बैंकको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ ।रासस

# माथिल्लो अरूणको काम अघि बढ्यो, पहुँचमार्ग निर्माण गरिँदै

काठमाण्डु । सङ्खुवासभाको भोटखोला गाउँपालिकामा निर्माण हुने एक हजार ६३ मेगावाट विद्युत् उत्पादन क्षमताको माथिल्लो अरूण अर्धजलाशययुक्त जलविद्युत् आयोजनाको पहुँचमार्ग निर्माण सुरू भएको छ । भौगोलिक रूपमा विकट र जटिल रहेको आयोजनाको विद्युत्गृहबाट बाँधस्थलसम्म पुग्ने २१ किलोमिटर पहुँच सडक निर्माण धमाधम भइरहेको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ ।



भोटखोला गाउँपालिका-४ गोलाबजार नजिक छोङराङमा प्रस्तावित विद्युत्गृहबाट माथिल्लो तटीय क्षेत्रमापर्ने सोही गाउँपालिका- २ चेपुवा गाउँ नजिक बाँध निर्माणस्थलसम्म पुग्ने पहुँच सडक निर्माणाधीन छ । छोङराङसम्म कोशी राजमार्ग पुगेको छ । कोशी राजमार्गलाई छोडेर आयोजनास्थलतर्फ जान आयोजनाले अरूण नदीमा ७० मिटर लम्बाइ भएको स्टिल आर्क पुल निर्माण गरिरहेको छ ।

भोटखोला गाउँपालिका-४ नामासे र सोही गाउँपालिका-२ रूकुमा जोड्ने २ किलोमिटर सुरूङ मार्ग निर्माणका लागि आवश्यक बुमर, जेसिबी, लोडर, रोबोटिक सटक्रिट, सटक्रिट मेसिन, कङक्रिट पम्प, जेनेरेटरलगायतका हेभी उपकरणहरू एवं निर्माण सामग्री हेलिकप्टरबाट ढुवानी भइरहेको प्राधिकरणले जनाएको छ । दुवै स्थानसम्म पुग्न सडक नभएकाले कोशी राजमार्ग हुँदै गोलाबजार पुऱ्याइएका उपकरणलाई खोलेर एमआई-१७ तथा अन्य साना हेलिकप्टरमार्फत ढुवानी गरिएको हो । हालसम्म तीन सय खेपभन्दा बढी ढुवानी भइसकेको छ ।

प्राधिकरणका कार्यकारी निर्देशक एवं आयोजनाको प्रवर्द्धक अपर अरूण हाइड्रो-इलेक्ट्रिक लिमिटेड सञ्चालक समितिका अध्यक्ष कुलमान घिसिङ, कम्पनीका प्रबन्ध-सञ्चालक फडिन्द्रराज जोशीलगायतको टोलीले शनिबार र आइतबार निर्माणस्थलको अनुगमन गरी निर्माणमा संलग्न आयोजना व्यवस्थापन, परामर्शदाता, निर्माण व्यवसायी र स्थानीय बासिन्दासँग छलफल गरेको छ । कार्यकारी निर्देशक घिसिङले पहुँच मार्ग निर्माणमा हालसम्म भएको प्रगतिबाट उत्साहित भएको र यसबाट अपर अरूण आयोजना अगाडि बढेको सन्देश गएको बताउनुभयो ।

सुरूमा पहुँच मार्गको ट्र्याक खोल्न सकिएमा त्यसपछि निर्माण सामग्री ढुवानी गर्न सजिलो हुनेभएकाले एक आपसमा समन्वय गरी सोही बमोजिम काम अगाडि बढाउन आयोजना व्यवस्थापन, परामर्शदाता र निर्माण व्यवसायीलाई निर्देशन दिनुभयो ।

कम्पनीका प्रबन्ध-सञ्चालक जोशीले निजी जग्गा अधिग्रहण भइसकेको र वन क्षेत्रको जग्गा उपभोग तथा रूख कटान स्वीकृति पाइसकेकाले पहुँच मार्ग निर्माण तीव्र गतिमा अगाडि बढाउन समस्या नरहेको बताउनुभयो ।

पहुँच मार्ग निर्माणका लागि भारतीय कम्पनी गायत्री प्रोजेक्ट लिमिटेड र नेपालको कन्काई इन्टरनेशनल बिल्डर्सको संयुक्त उपक्रम (जेभी)बीच २०७९ फागुन ११ गते रू सात अर्ब ९१ करोडमा ठेक्का सम्झौता भएको थियो । उक्त ठेक्का सम्झौता २०८० वैशाख २८ गतेदेखि कार्यान्वयनमा आएको थियो । पहुँचमार्ग २०८२ को माघभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको छ ।

**'विश्व बैंकपछि हटे स्वदेशी लगानीमै आयोजना निर्माण'**

प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले यो आयोजनामा लगानीका लागि विश्व बैंक तयार नभएमा माथिल्लो तामाकोशीकै लगानी ढाँचामा निर्माण गरिने बताउनुभयो । उहाँले गाउँपालिका र अपर अरूण जलविद्युत् आयोजना अदिवासी जनजाति सल्लाहकार परिषद्का पदाधिकारीसँगको छलफलका क्रममा आकर्षक र मुलुकको ऊर्जा क्षेत्र एवं समग्र अर्थतन्त्रलाई नै रूपान्तरण गर्न सक्ने आयोजना नेपालले निर्माण गर्नुपर्नेमा जोड दिनुभयो । विश्व बैंकले लगानी नगर्ने अवस्था आएमा देशभित्रका बैंक तथा वित्तीय संस्था र स्वदेश तथा विदेशमा रहेका नेपालीहरूको लगानीमा अपर अरूणलाई अगाडि बढाइने उहाँले प्रष्ट पार्नुभयो ।

"विश्व बैंकले आफ्नो नेतृत्वमा एसियाली विकास बैंक (एडिबी), जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) लगायतकालाई सहभागी गराएर करिब दुई अर्ब अमेरिकी डलर लगानी जुटाउन उच्च प्राथमिकतामा राखेर अगाडि बढाएको छ । अन्तिम चरणमा आएर वित्तीय व्यवस्थापनमा केही ढिलाइ भएको हो । विश्व बैंकको लगानीका लागि प्रशासनिक तथा कूटनीतिक रूपमा छलफल भइरहेको छ", घिसिङले भन्नुभयो, "यदि यी विकास साझेदार लगानी नगर्ने अवस्था आएमा देशभित्रका बैंक तथा वित्तीय संस्था र स्वदेश तथा विदेशमा रहेका नेपालीलाई शेयर निष्कासनमार्फत रकम जुटाएर आयोजना अगाडि बढाउँछौँ ।" प्राधिकरणले नेपाल सरकार, प्रदेश सरकार, आयोजना प्रभावित जिल्लाका स्थानीय तह, आयोजना प्रभावित जिल्लावासी, देशभरिका सर्वसाधारणको शेयर लगानी, अन्तर्राष्ट्रिय बहुपक्षीय विकास साझेदारको सहुलितपूर्ण ऋण र स्वदेशी बैंक तथा वित्तीय संस्थाको ऋण लगानी रहने गरी समिश्रित लगानी (ब्लेन्डेड फाइनान्सिङ)को नमूना परियोजनाको रूपमा अगाडि बढाउन लागिएको छ ।

निर्माण अवधिको ब्याज, मूल्यवृद्धिलगायतसहित एक अर्ब ७५ करोड डलर (करिब रू दुई खर्ब १४ अर्ब) अनुमानित लागत रहेको अपर अरूणमा ७० प्रतिशत ऋण र ३० प्रतिशत स्वपुँजी (इक्विटी)बाट जुटाइने छ । विश्व बैंकको नेतृत्वको सहवित्तीयकरणमा अन्तर्राष्ट्रिय वित्तीय संस्थाबाट र स्वदेशी बैंक तथा वित्तीय संस्थाबाट जुटाएर वित्तीय व्यवस्थापन गरिने योजना बनाइएको छ ।

यसका लागि हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलप्मेन्ट कम्पनी (एचआइडिसिएल)को नेतृत्वमा रू ५३ अर्ब स्वदेशी बैंक तथा वित्तीय स्वदेशी बैंक तथा वित्तीय संस्थाबाट सहवित्तीयकरणमार्फत लगानी जुटाउन समझदारीपत्र (एमओयू) भइसकेको छ । इक्विटीमध्ये ५१ प्रतिशत आयोजनाको प्रवर्द्धक अपर अरूण हाइड्रो इलेक्ट्रिक कम्पनीका संस्थापक शेयरबाट र ४९ प्रतिशत सर्वसाधारण शेयरबाट सङ्कलन गरिने छ । जनताको जलविद्युत् कार्यक्रममा समावेश माथिल्लो अरूणमा प्रदेश सरकार, आयोजना रहेको जिल्ला सङ्खुवासभाका स्थानीय तह, नेपाल विद्युत प्राधिकरणलगायतका संस्थापक शेयर रहने छ । आयोजना प्रभावित बासिन्दा, देशभरका सर्वसाधारण लगायतको ४९ प्रतिशत साधारण शेयर रहने छ ।

प्राधिकरणका अनुसार आयोजनाको निर्माण सुपरिवेक्षणका लागि परामर्शदाता नियुक्त भई डिजाइन पुनरावलोकन तथा बोलपत्रसम्बन्धी कागजात तयारीका काम भइरहेका छन् । सन् २०२६ देखि निर्माण सुरू गर्ने लक्ष्यका साथ निर्माण पूर्वका काम भइरहेका छन् । आयोजनाको निर्माण सन् २०३१ भित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

आयोजनालाई आवश्यक पर्ने दुई सय ३२ हेक्टर निजी जग्गा प्राप्ति सम्पन्न भएको छ ।

अधिग्रहण गरिने जग्गाको करिब ९९ प्रतिशत मुआब्जा तथा क्षतिपूर्ति वितरण गरिसकिएको छ । आयोजनाबाट विस्थापितको पुनःस्थापना कार्य जारी छ । आयोजनाबाट करिब २२ घरधुरी भौतिक रूपमा विस्थापित हुने छन् । आयोजनाको निर्माणबाट वातावरणीय तथा सामाजिक प्रभाव तुलनात्मक रूपमा न्यून रहने अध्ययनले देखाएको छ ।

आयोजनालाई विद्युत् बढी माग हुने हिउँदका छ महिनामा दैनिक छ घण्टा पूर्ण क्षमतामा चलाउने गरी डिजाइन गरिएको छ । आयोजनाबाट वार्षिक चार अर्ब ५३ करोड युनिट ऊर्जा उत्पादन हुने छ । यसमध्ये करिब ३० प्रतिशत ऊर्जा हिउँदमा उत्पादन हुने छ ।

उत्पादित विद्युतलाई करिब ६ किलोमिटर ४०० केभीको प्रसारण लाइनमार्फत सङ्खुवासभाको हाइटारमा प्रस्तावित सबस्टेसनमार्फत राष्ट्रिय प्रणालीमा प्रवाह गरिनेछ । प्राधिकरणले माथिल्लो अरूणकै अङ्ग रहने गरी ४० मेगावाटको इखुवा जलविद्युत् आयोजना अगाडि बढाएको छ । इखुवा पनि जनता जलविद्युत् कार्यक्रममा समावेश भएको आयोजना हो ।रासस

# दूध बेचेरै मासिक एक लाख बढी आम्दानी

नवलपुर । नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैंडाकोटका कृषकले दूध बिक्री गरेर मासिक रु एक लाख ५० हजार बचत गर्दै आएका छन् । गैंडाकोट-६ गैरीका व्यावसायिक पशुपालक कृषक नारायण पौडेलले गर्नुभएको पशुपालन व्यवसायबाट सबै खर्च कटाएर मासिक सो रकम बचत हुने गरेको जानकारी दिनुभयो ।



विसं २०७४ मा पौडेलले रु १५ लाख लगानी गरी सिर्जनशील उन्नत कृषि तथा पशु फार्म सञ्चालनमा ल्याउनुभएको थियो । पाँच गाईबाट व्यावसायिक पशुपालन सुरु गर्नुभएको पौडेलसँग हाल सात माउ भैंसी, नौ माउ गाई एवं पाँच पाडी र एउटा बाच्छी छ । फार्ममा रहेकामध्ये १४ गाईभैंसी दुहुनो भएको र दुईवटा गाई ब्याउने रहेका बताउनुभयो ।

उहाँले दैनिक एक सय ५० लिटर दूध बिक्री गर्दै आएको बताउनुभयो । "साँझ र बिहान गरी दैनिक एक सय ५० लिटरसम्म दूध बिक्री गर्दै आएको छु", उहाँले भन्नुभयो, "पशुपालन व्यवसायबाट अहिले मासिकरुपमा रु एक लाख ५० हजार बचत हुने गरेको छ ।" फार्ममा उत्पादन भएको दूधसँगै गोबर मलसमेत बिक्री हुने गरेको उहाँले बताउनुभयो । गाईभैंसीलाई दाना तथा घाँसखेतीका लागि मासिक बढीमा रु एक लाख ५० हजार जति खर्च हुने गरेको छ । "पशुपालन व्यवसायसँग जोडेर चार कट्ठा क्षेत्रफलमा टमाटर, लौकालगायतका तरकारीसमेत लगाएको छु", उहाँले भन्नुभयो, "गाईभैंसीलाई आवश्यक पर्ने घाँसका लागि दुई बिघा क्षेत्रफल जमिन भाडामा लिएको छु ।" यहाँ उत्पादन हुने दूध तथा तरकारी घरबाटै बिक्री हुने गरेको पौडेलको भनाइ छ ।

"फार्ममा उत्पादन हुने तरकारी तथा दूध बिक्रीका लागि समस्या छैन", उहाँले भन्नुभयो, "तरकारीमा उचित मूल्य पाउन कठिन भए पनि दूध बिक्रीका लागि भने राम्रै मूल्य पाइन्छ ।" आफूले उत्पादन गरेको दूध घरबाटै बिक्री हुने गरेको भन्दै पौडेलले गाईको दूध रु ७५ र भैंसीको दूध रु १०० मा बिक्री हुँदै आएको बताउनुभयो । "गाईभैंसीलाई खुवाउने दानासमेत घरमा नै बनाउने गरेको छु", उहाँले भन्नुभयो, "घाँस पराल काट्ने च्यापकटर र मकैसहितका खाद्यान्न पिसेर दाना बनाउने मेसिन पनि घरमै राखेको छु ।"

पशुपालनमा आफ्नी श्रीमती, दिदी र भिनाजुले सघाउने भन्दै आवश्यक परेको अवस्थामा घण्टे खेताला (काम गरेको घण्टाको आधारमा पारिश्रमिक लिने श्रमिक) समेत लगाउने गरेको बताउनुभयो । "हामी घरको चार जना मिलेर पशुपालनमा जुट्ने गरेका छौँ", उहाँले भन्नुभयो, "सधैं सबै काम चार जनालेमात्रै गर्न नसक्ने अवस्थामा घण्टे खेताला पाइन्छ, उनीहरुलाई पनि काममा लगाउने गरेका छौँ ।" गाईभैंसीको दूध हातले दुहुने गरेको भन्दै १४ वटै गाईभैंसीको दूध दुहुन साढे एक घण्टा लाग्ने उहाँले बताउनुभयो ।

व्यावसायिक रुपमा कृषि तथा पशुपालन सुरु गरेपछि कृषि ज्ञान केन्द्रबाट गोठ निर्माणका लागि रु एक लाख ५० हजार अनुदान पाएको उहाँले बताउनुभयो । त्यसैगरी भकारो (गोठ) सफा गर्नका लागि नगरपालिकाबाट ७५ प्रतिशत अनुदानमा समरसेबल ट्यूबबेल निर्माण गरेको पौडेलको भनाइ छ । फार्ममा पालेका गाईलाई कृत्रिम गर्भाधान र भैंसीलाई प्राकृतिकरुपमा गर्भाधान गराउने गरेको उहाँले बताउनुभयो ।रासस

# पाँच महिनामा पुँजीगत खर्च ११ प्रतिशत, २८ प्रतिशत राजस्व सङ्कलन

काठमाण्डु । चालु आर्थिक वर्ष २०८१/८२ को शुरुआती पाँच महिनामा सरकारको आम्दानी र खर्च दुवै कमजोर देखिएको छ । मङ्सिर मसान्तसम्म सरकारले वार्षिक लक्ष्यको २८ प्रतिशत राजश्व उठाएको छ भने करिब ३० प्रतिशत बजेट खर्च गरेको महालेखा नियन्त्रकको कार्यालयले जनाएको छ ।



कार्यालयको तथ्याङ्कअनुसार सरकारको विकास खर्च कमजोर देखिएको छ ।

चालु आर्थिक वर्षका लागि पुँजीगत शीर्षकमा रू तीन खर्ब ५२ अर्ब ३५ करोड ४० लाख विनियोजन भएकोमा हालसम्म ११ दशमलव ५८ प्रतिशत अर्थात् रू ४० अर्ब ८० करोड छ लाख मात्रै खर्च भएको छ ।

चालुगत शीर्षकमा मङ्सिर मसान्तसम्मको खर्च ३१ दशमलव ८७ प्रतिशत छ । यो वर्ष चालु शीर्षकमा रू ११ खर्ब ४० अर्ब ६६ करोड ४५ लाख विनियोजन भएकोमा हालसम्म रू तीन खर्ब ६३ अर्ब ५५ करोड १४ लाख बराबर खर्च भएको हो ।

त्यस्तै, वित्तीय व्यवस्था शीर्षकमा छुट्याइएको बजेट वार्षिक लक्ष्यको ४१ दशमलव ३२ प्रतिशत खर्च भएको छ । मुख्यगरी सार्वजनिक ऋणको साँवा र ब्याज तीर्न खर्च हुने वित्तीय व्यवस्था शीर्षकमा चालु आर्थिक वर्षका लागि रू तीन खर्ब ६७ अर्ब २८ करोड ४५ लाख विनियोजन भएको थियो । उक्त शीर्षकमा हालसम्म रू एक खर्ब ५१ अर्ब ७६ करोड ५७ लाख बराबर खर्च भएको हो ।

मङ्सिर मसान्तसम्ममा वार्षिक लक्ष्यको २७ दशमलव ५७ प्रतिशत अर्थात् रू चार खर्ब पाँच अर्ब ७७ करोड ३० लाख राजश्व सङ्कलन भएको छ ।

चालु आर्थिक वर्षका लागि सरकारले रू १४ खर्ब ७१ अर्ब ६२ करोड ९५ लाख राजस्व उठाउने लक्ष्य राखेको छ ।त्यस्तै, यसवर्ष रू ५२ अर्ब ३२ करोड ६५ लाख वैदेशिक अनुदान लिने लक्ष्य राखेको सरकारले हालसम्म कुनै पनि अनुदान लिएको देखिँदैन ।रासस

# मुस्ताङमा स्याउ कुहिएर क्षति बेहोर्नुपर्ने समस्या हट्यो

म्याग्दी । मुस्ताङमा स्याउ भण्डारणका लागि चिस्यान गृह प्रभावकारी बनेको छ । चिस्यान गृह निर्माण भएपछि याममा व्यापारीले भनेको मूल्यमा बेच्नुपर्ने र बढी मूल्य पार्न लामो समय खुला ठाउँमा भण्डारण गरेर राख्दा स्याउ कुहिएर क्षति बेहोर्नुपर्ने समस्या हटेको छ । सुरक्षित भण्डारण गर्ने सुविधा भएपछि भनेको मूल्य र बजार दुवै पाएको घरपझोङ गाउँपालिका-२ मार्फाका कृषक वुद्धिमान लालचनले बताउनुभयो ।

"असोजमा टिपेर चिस्यानगृहमा राखेको स्याउ जेठसम्म केही भएन", उहाँले भन्नुभयो, "याममा प्रतिकिलो रु एक सय ५० सम्म पर्ने स्याउ बेसिजनमा प्रतिकिलो रु दुई सय ५० सम्म बिक्री भयो", लालचनले १० मेट्रिक टन क्षमताको चिस्यानगृहमा स्याउ भण्डारण गर्नुभएको छ ।

चिस्यानगृहमा असोजदेखि चैतसम्म स्याउ राख्दा पनि गुणस्तर, आकार र तौलमा कुनै फरक नआउने मार्फाका कृषक विश्व लालचनले बताउनुभयो । "चिस्यानगृह नहुँदा घरको कोठा, चिसो ठाउँमा स्याउ थुपारेर भण्डारण गर्नुपर्दथ्यो", उहाँले भन्नुभयो, "त्यसरी राख्दा तापक्रम नमिलेर कुहिने गरेको थियो", बिक्री नहुने स्याउ घोडा, खच्चर, गाईगोरुलाई खुवाउने गरेका थिए ।

मुस्ताङमा कृषि ज्ञान केन्द्र, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको स्याउ जोन र स्थानीय तहहरुले करिब तीन सय मेट्रिक टन क्षमताको दशवटा चिस्यानगृह निर्माण गरेका छन् । सबै चिस्यानगृहमा बेमौसममा बेच्नका लागि स्याउ राखिएको छ ।

वातावरण अनुकूल बनाउन उपकरण जडान भएको चिस्यानगृहमा भण्डारण गर्दा बजार नपाउने समस्या हट्नुका साथै बढी मूल्यमा बिक्री गर्न पाएका हुन् । मुस्ताङमा प्रभावकारी भएकाले कोल्ड स्टोरको माग बढी रहेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको स्याउ जोनका प्रमुख भरतराज गौतमले बताउनुभयो ।

मुस्ताङको मार्फा, सौरु, चोखोपानी, चिमाङ, कोवाङ, टुक्चे, जोमसोम, कागबेनी, पाक्लिङ, लुप्रा, ताम्बे, छुक्साङ, चैले आदि गाउँमा स्याउको राम्रो खेती गरिन्छ । यहाँका घरपझोङ र वारागुङमुक्ति स्याउका पकेट क्षेत्र हुन् ।रु ८२ करोड बराबरको स्याउ मुस्ताङबाट पोखरा, काठमाडौँलगायत बाहिरी जिल्लामा निकासी गरे भने बाँकी रु १० करोड मूल्य बराबरको स्याउ मुस्ताङ भ्रमणमा आएका पर्यटकले किनेर लगेका कृषि ज्ञान केन्द्रले जनाएको छ । रासस

# धरानमा फस्टाउँदै सिद्रा व्यापार

धरान । मनका शाही प्रत्येक बिहान ८ बजे घरबाट धरानको माछाभौडी गल्ली आइपुग्नुहुन्छ । गल्लीमै बेलुकी ६ बजेसम्म सिद्रा बिक्री गर्नु उहाँको दैनिकी हो । सिद्रा बिक्री गर्दा राम्रै आम्दानी हुने उहाँ बताउनुहुन्छ ।

"सिद्रा गर्मीको तुलनामा जाडोमा धेरै बिक्री हुने गरेकाले जाडो सुरु भएसँगै अहिले धरानमा सिद्राको व्यापार फस्टाएको छ", उहाँले भन्नुभयो । शाहीले सिद्रा व्यापार गर्न थाल्नुभएको २० वर्ष भयो । सिद्रा व्यापारबाटै जीविकोपार्जन गर्दै आएको उहाँले बताउनुभयो । सिद्राप्रति किलो रु छ सयदेखि रु एक हजार दुई सयसम्ममा बिक्री गर्नुहुन्छ । उहाँले भन्नुभयो, "मेहनतअनुसार कमाइ पनि राम्रै छ, सन्तुष्ट छु । महिनामा सबै खर्च कटाएर रु ४० हजारसम्म बचत हुन्छ ।"

धरानको भानुचोकबाट पूर्वतर्फ माछाभौडी गल्लीमा लस्करै सिद्रा व्यापारी छन् । सिद्राको पारखीहरु टाढाटाढाबाट यहाँ सिद्रा किन्न आउँछन् । शाहीले झै विगत ३३ वर्षदेखि सिद्राको व्यापार गर्दै आउनुभएका धरान उपमहानगरपालिका-३ का प्रेम श्रेष्ठ पनि जाडो यामसँगै बर्सेनि सिद्रा व्यापार फस्टाउने बताउनुहुन्छ । उहाँका अनुसार कात्तिकको पहिलो सातादेखि फागुनसम्म सिद्राको बढी व्यापार हुन्छ ।



उहाँले हाल १२ भन्दा बढी प्रकारका सिद्रा बिक्री गर्दै आउनुभएको छ । पटासी, चेला, वामना, जुँगे, सुन्दरी, टेग्ना, बरेल, चलवा, झिंगे, बुलवा प्रजातिका सिद्रा बिक्री गर्दै आएको उहाँले सुनाउनुभयो । धेरैजसो तरकारी र अचार बनाएर खाने सिद्रा बिक्री हुने उहाँले बताउनुभयो । यही व्यापारबाट उहाँले घरखर्च र छोरा छोरीको स्कुल 'फि' बुझाउने गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "नेपालमा प्रशस्त खोलानाला भए पर्याप्त सिद्रा उत्पादन नहुने भएकाले भारतबाट ल्याएर बेच्नुपर्छ । मैले वर्षमा २० क्वीन्टल बढी सिद्रा बिक्री गर्ने गर्छु ।" धेरै जसो पहाडी जिल्लाहरुमा सिद्रा खपत हुने गरेको उहाँको भनाइ छ ।

सिद्रा मौसमअनुसार नेपालमा साउनदेखि असोज महिनासम्म उत्पादन हुने गर्छ । सो अवधिमा उहाँले नेपालमै खरिद गरेर बिक्री गर्ने गरेको बताउनुभयो । नेपालमा सिद्रा उत्पादन हुने याम सकिएपछि भारतबाट ल्याएर बिक्री गर्ने गरेको उहाँको भनाइ छ । सिद्रा धरानका होटलहरुमा अचारका लागि खपत हुने गर्छ । आफन्तलाई कोसेलीका रुपमा पनि ग्राहकहरुले सिद्रा खरिद गरेर लैजाने उहाँले बताउनुभयो ।

जाडो याममा सिद्राको झोल बनाएर खाने चलन रहेको व्यापारीहरु बताउँछन् । धरानमा शाही र श्रेष्ठ जस्ता सिद्राको व्यापार गर्ने व्यापारीको संख्या एक दर्जनभन्दा बढी छन् । पछिल्लो समय सिद्रा व्यापार गर्ने अधिकांश महिला छन् ।रासस

# स्वास्थ्य बीमाको पहुँच तीनै तहमा बढाउनु आवश्यक

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशमा स्वास्थ्य बीमाको पहुँच बढाउनका लागि तीनै तहका सरकार मिलेर काम गर्न आवश्यक रहेको एक कार्यक्रममा सहभागीहरूले जोड दिएका छन्।

मधेश प्रदेशका जिल्लाहरूमा स्वास्थ्य बीमाको पहुँच बढाउनका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सरोकारवाला निकायको सहभागितामा सोमबार जनकपुरधाममा आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा सहभागीहरुले उक्त कुरामा जोड दिएका छन्।

कार्यक्रममा नेपाल सरकारले विपन्नका लागि सञ्चालन गरेको निःशुल्क बीमा कार्यक्रम मधेश प्रदेशको कुनै जिल्लामा लागु नगरेकाले अविलम्ब रुपमा शुरु गर्नका लागि सहभागीहरूले सुझाव दिए।



एक तथ्यांक अनुसार मधेश प्रदेशमा अहिले ११ दशमलब ५६ प्रतिशतले स्वास्थ्य बीमा गराएको भए पनि निम्न तथा उच्च वर्गका व्यक्तिहरू बीमाको पहुँचमा आउन सकेका छैनन्।

मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्री शत्रुधन प्रसाद सिंहले मधेश प्रदेशका जिल्लाहरूमा स्वास्थ्य बीमाका लागि वर्षको ३ हजार ५ सय रकम दिन नसक्ने परिवारका लागि सहयोग गर्न प्रदेश सरकार तयार रहेको बताए।

उनले मधेश प्रदेश सरकारले स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि ३ अर्ब बजेट विनियोजन गरेको जानकारी दिँदै गरिब जनतालाई स्वस्थ्य बनाउनका लागि मन्त्रालयले रकमान्तर गरेर भए पनि स्वास्थ्य बीमामा सघाउने बताए।

मधेश प्रदेशका नीति तथा योजना आयोगका उपाध्यक्ष डा.सोहन साहले उच्च तथा निम्न वर्गका व्यक्तिहरू स्वास्थ्य बीमाको पहुँचमा नआएको बताए। मधेश प्रदेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति प्राध्यापक डा.अंकुर साहले स्वास्थ्य बीमा क्षेत्रको विस्तारका लागि सेवा तथा सुविधामा विस्तार गर्न जरुरी रहेको भन्दै बीमा गरेकाले पनि नवीकरण नगर्ने गरेको बताए।

संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रतिनिधि डा.समीर अधिकारीले देशका १ लाख विपन्न नागरिक तथा १६ लाख ५४ हजार ज्येष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य बीमा गर्दा शत प्रतिशत बीमाको अवस्था देखिएकाले बीमाप्रति सबै सचेत भए पनि बीमा गराउँदा रकम लाग्ने भएकाले गराउन नचाहेको बताए।

प्रादेशिक अस्पताल जनकपुरधामका प्रमुख डा.जामुनप्रसाद सिंहले मधेश प्रदेशका जिल्लाहरूमा गरिब तथा विपन्नको जनसंख्या अत्यधिक भएका कारणले स्वास्थ्य बीमा गराउनेको संख्या कम भएको भन्दै विपन्न बीमा कार्यक्रम लागु गर्न मधेश स्वास्थ्य विज्ञानका प्रतिष्ठानलाई सुझाव दिए।

# भ्रष्टाचार नियन्त्रणका लागि कानुनको अभाव

**भ्रष्टाचार नियन्त्रणका लागि अहिलेको कानुन पर्याप्त नरहेको चर्चा गर्दै राजनीतिक क्षेत्र तथा कर्मचारी सेवामा प्रवेश गरेको केही वर्षमा नै मान्छेको जीवनशैलीमा धेरै परिवर्तन आउनु र विलाशी जीवनयापन गर्नु नै भ्रष्टाचारको कारक हुन पुगेको प्रसंग उल्लेख गरे।**

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशका मुख्यमन्त्री सतीश कुमार सिंहले भ्रष्टाचार नियन्त्रणका लागि कानुनको अभाव रहेको बताएका छन्।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा सोमबार जनकपुरधाममा आयोजित कार्यक्रममा बोल्दै ५ वर्ष देखि १० वर्षसम्मको सजायलाई बढाएर आजीवन कारावासको व्यवस्था गर्न सुझाव दिए।

उनले भ्रष्टाचार नियन्त्रणका लागि अहिलेको कानुन पर्याप्त नरहेको चर्चा गर्दै राजनीतिक क्षेत्र तथा कर्मचारी सेवामा प्रवेश गरेको केही वर्षमा नै मान्छेको जीवनशैलीमा धेरै परिवर्तन आउनु र विलाशी जीवनयापन गर्नु नै भ्रष्टाचारको कारक हुन पुगेको प्रसंग उल्लेख गरे। उनले भने, 'त्यस्ता व्यक्तिमाथि कडा कारवाही हुनुपर्छ।'



मुख्यमन्त्री सिंहले कर्मचारीको थोरै तलब भएकाले पनि जीवन धान्नका लागि भ्रष्टाचार गर्ने गरेको सबैमा जानकारी रहेको बताउँदै कर्मचारीको जीवनयापन गर्ने किसिमले तलब बृद्धि गरेर भ्रष्टाचार गर्ने माथि कडा सजायको व्यवस्था भए भ्रष्टाचारमा स्वतः कमी आउने बताए।

कार्यक्रममा अख्यियार दुरुपयोग अनुसन्धान आयोगका आयुक्त जयबहादुर चन्दले बेनामी उजुरीको विरोध गर्नेले मुलुकमा सुशासन नचाहेको बताउदै बेनामी उजुरी नपरेको खण्डमा मुलुकमा थप भ्रष्टाचार बढ्ने चिन्ता व्यक्त गरे।

# स्तरोन्नति कागजमै सीमित हुँदा स्थानीय समस्यामा

**टुडे समाचारदाता**

महोत्तरी। जलेश्वरमा रहेको प्रादेशिकअस्पतालकोस्तरोन्नतिको काम कागजमै सीमित भएका कारण स्थानीयलाई उपचारका लागि थप समस्या हुने गरेको छ।



प्रादेशिक अस्पताल जलेश्वरमा नवनिर्मित टिकट काउन्टर तथा फार्मेसी भवनको उद्घाटन गर्दै जलेश्वर नगरपालिकाका नगरप्रमुख सुरेश साह सोनारले सङ्घीय सरकारले अस्पतालको स्तरोन्नति कागजमै सीमित रहेको बताए। उनले यस क्षेत्रका बासिन्दाको उपचारका लागि सधै भरपर्दो रहेको प्रादेशिक अस्पताल जलेश्वरलाई प्रदेश सरकारले मात्रै नभई सङ्घीय सरकारले समेत सहयोग गर्नुपर्ने खाँचो औंल्याए। उनले प्रदेश सरकारले जलेश्वर अस्पताललाई एक सय शैयाको अस्पतालमा कागजमा स्तरोन्नति गरे पनि जनशक्तिलगायत व्यवस्थापकीय सहयोग नगर्दा सेवाग्राही उपचारका लागि बाहिर जानुपर्ने अवस्था रहेको बताए। प्रादेशिक अस्पताल कागजमा एक सय शैया रहे पनि १५ शैयाको स्थायी दरबन्दी तथा ५० शैयाको अस्थायी दरबन्दी मात्रै रहेको छ। त्यसमा पनि सबै दरबन्दी पूर्ण रूपमा छैनन्।

हालै चार जना विशेषज्ञ चिकित्सकले पदबाट राजीनामा दिँदा अस्पतालका विभिन्न सेवा अवरुद्ध हुन पुगेको बताइएको छ। यस्तो अवस्थाले बिरामी उपचारका लागि बाहिर जानु परिरहेको बताउँदै नगरप्रमुख सोनारले भने, "यस क्षेत्रका बासिन्दालाई उपचारका लागि बाहिर जानुपर्ने बाध्यताको अन्त्यका लागि तत्काल केही प्रयास हुने भएको छ।" अस्पतालको इमर्जेन्सीमा चिकित्सक नबस्ने, एम्बुलेन्स सधैँ बिग्रिनेलगायतका समस्या तथा गुनासो आफूहरूलाई आउने गरेको बताउँदै उनले अस्पतालबारे महोत्तरीका सङ्घीय तथा प्रदेश सभासद सक्रियतापूर्वक लाग्नुपर्ने बताए।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी लालबाबु कवारीले अस्पतालले बिरामीको सघन उपचारमा ध्यान दिन आग्रह गर्दै चिकित्सक तथा स्वास्थ्यकर्मीले इमानदारीपूर्वक सेवा दिन आग्रह गरे। अस्पताल विकास समितिको आन्तरिक स्रोतबाट निर्माण गरिएको तीनकोठे भवनबाट हाल टिकट काउन्टर, सःशुल्क निःशुल्क तथा सामाजिक सेवा एकाइका औषधीसमेत एकै ठाउँबाट वितरण गरिने अवस्था रहेको छ।

# चन्द्रपुरमा हात्तीको आतङ्क



**टुडे समाचारदाता**

रौतहट। जङ्गली हात्तीको आतङ्कले रौतहट चन्द्रपुर नगरपालिका-३ गैंडाटार वनक्षेत्र नजिकका वासिन्दा राति घरमा सुत्न छोडेका छन्। रातिको समयमा जंगली हात्तीको बथान गाउँमा पसेर घर भत्काउन र भण्डार गरिएको अन्न खान थालेपछि उक्त क्षेत्रका बासिन्दा रातिको समयमा घर छोड्न बाध्य भएका छन्। हात्तीले स्थानीय सन्तबहादुर रुम्बा, मिना राई, बलीमायाँ लोप्चन, छेनामसिंह लोप्चन, बोम्जन साइँला, सुबास ठोकर र साइँला गोलेको घर भत्काएको छ। घरमा रहेको अन्न खाई क्षतिसमेत पुऱ्याएको बताइएको छ।

दुई सातादेखि वनक्षेत्र नजिक रहेका बस्तीमा जङ्गली हात्ती प्रवेशगरी स्थानीयको घर भत्काउनुकोसाथै कालापानी सामुदायिक वन उपभोक्ता समूहको वनक्षेत्रमा निर्मित पार्क र पानीघट्ट समेत भत्काइदिएपछि स्थानीय आतङ्कित बनेका छन्। हात्तीले स्थानीय किसानको बालीमा समेत क्षति पुऱ्याएको वडा अध्यक्ष बोधनाथ देवकोटाले जानकारी दिए।

हात्ती आतङ्कबाट जनधनको क्षति हुनबाट जोगाउन डिभिजन वन कार्यालय, नगरपालिकालगायतका सरोकारवाला संस्थाले चासो दिनु पर्ने स्थानीयको माग छ। स्थानीय समाजसेवी सन्तोष चौहानले हात्तीबाट थप क्षति हुन नदिन वडा कार्यालयले नगरपालिकासंग समन्वय गरी सडक बत्ती र हात्ती भगाउने यन्त्र तथा साइरनको व्यवस्था मिलाउनु पर्ने सुझाव दिएका छन्। उनकाअनुसार पालिकाको उत्तरी चुरे क्षेत्रीय तटमा अवस्थित उक्त बस्तीमा बर्सेनि हात्तीले दुःख दिँदै आएको छ।

यता डिभिजन वन कार्यालय चन्द्रनिगाहपुरका सहायक वन अधिकृत महालक्ष्मी शर्माले हात्तीबाट जनधनको क्षति हुन नदिन स्थानीयले नै उच्च सतर्कता अपनाउनु पर्ने बताउदै हात्ती आतङ्कको दीर्घकालीन समाधानको लागि माथिल्लो निकायसंग परामर्श गरिने बताए।

# भन्सार छलीका सामान बरामद

**टुडे समाचारदाता**

वीरगञ्ज। सशस्त्र प्रहरी बल नेपाल, पर्साले भन्सार छलीका लत्ताकपडासहितका मेसिनरी पार्टपुर्जा नियन्त्रणमा लिने काममा तीव्रता दिएका छन्।

सशस्त्र प्रहरीले पछिल्ला दुई दिनमा फरक-फरक ठाउँबाट करिब ४५ लाखभन्दा धेरै मूल्य पर्ने भन्सार छलीका सामान नियन्त्रणमा लिएको जनाएको छ। सशस्त्र प्रहरी नायव उपरीक्षक विष्णुहरि घिमिरेले सशस्त्र प्रहरीको सक्रियताको कारणले भन्सार छली गरेर भित्राइएका सामान दिनँहुजसो नियन्त्रणमा लिँदै आएको जानकारी दिए।



प्रस्तावित सीमा सुरक्षा गुल्म वीरगञ्जबाट खटिएको टोलीले आइतबार वीरगञ्ज महानगर-१६ स्थित इनर्वा तथा सीमानाकाबाट भित्राइएको १३ लाख ३६ हजार नौ सय ३५ मूल्य पर्ने किराना, कस्मेटिक्स, मोटरपार्ट्स, मोबाइल एसेसोरिज र कपडालगायतका सामान बरामद गरेको छ। सशस्त्र प्रहरीले ना५३प ९३०६ नम्बरको करिब दुई लाख मूल्य पर्ने मोटरसाइकल समेत पक्राउ गरेको छ।

सशस्त्र प्रहरी बल पर्सा र वीरगञ्ज भन्सार कार्यालयबाट शनिबार खटिएको टोलीले वीरगञ्ज महानगर-६ स्थित लाठगलीबाट प्रवेज अक्तरको स्टोरको गोदामबाट भन्सार छली गरेर भण्डारण गरिराखेको ३० लाख ४९ हजार मूल्य पर्ने कपडा बरामद गरेर वीरगञ्ज भन्सार कार्यालयलाई दाखिला गरेको छ।

चालु आर्थिक वर्षको चार महिनाको अवधिमा सशस्त्र प्रहरीले पर्सा जिल्लामा भन्सार छली गरेर भित्र्याइएका १५ करोड १८ लाख मूल्य पर्ने वस्तु तथा सामान नियन्त्रणमा लिएको थियो। सशस्त्र प्रहरी बल पर्साले चालु आवको चार महिनाको अवधिमा १२ करोड ५३ लाख ८८ हजार नौ सय ३३ रकम मूल्य पर्ने भन्सार छलीका लत्ताकपडा, इलेक्ट्रोनिक्स सामान, हाडवेयर, मोटर पार्ट्स, खाद्यान्न पदार्थ र किराना सामान वीरगञ्ज भन्सार कार्यालयमा बुझाएको जनाएको छ।

त्यस्तै सोही अवधिमा दुई करोड ६४ लाख ३० हजार एक सय ४९ मूल्य पर्ने बिलबिजक नभएका सामान भने राजस्व अनुसन्धान कार्यालय पथलैयामा बुझाएको जनाएको छ।

# राजविराज विमानस्थलबाट दैनिक दुई उडानको तयारी

**टुडे समाचारदाता**

राजविराज। राजविराज विमानस्थलबाट केही दिनपछि दैनिक दुई उडान हुने भएको छ। विगतमा दिउँसोको समयमा मात्र एउटा उडान हुँदै आएकोमा सोमबार रात्रिकालीन सेवाका लागि गरिएको परीक्षण उडान पश्चात् दैनिक दुई उडान गर्ने तयारी भएको छ।

संघीय सरकारका पर्यटन मन्त्री बद्री पाण्डे र मधेश प्रदेशका मुख्यमन्त्री सतीश कुमार सिंहको उपस्थितिमा परीक्षण उडान गरिएको र लाइट सेटिङसहित भौतिक पूर्वाधार र प्राविधिक रुपमा उपयुक्त देखिएकाले अब यस विमानस्थलबाट दैनिक दुई उडान हुने भएको राजविराज विमानस्थलका प्रमुख ध्रुबकुमार श्रेष्ठले जानकारी दिए।

पहिलो रात्रिकालीन उडानमा राजविराजबाट उक्त विमान चढी संघीय सरकारका पर्यटन मन्त्री बद्री पाण्डे पनि काठमाडौं प्रस्थान गर्ने बुद्ध एयरलायन्सका स्टेशन मेनेजर अनिल राजबंशीले जानकारी दिए। सोमबार रात्रिकालीन उडान सेवा संचालन गरिएपनि केही प्रक्रिया बाँकी रहेकाले यसलाई नियमित गर्न कम्तीमा एक महिना समय लाग्ने स्टेशन मेनेजर राजबंशीको भनाइ छ।

उक्त विमानस्थलबाट २०७६ माघ १८ गतेदेखि बुद्ध एयरको जहाजले दैनिक दिउँसोको समयमा एक पटक उडान गर्दै आएको छ। हाल यात्रुको चाप बढ्दै गएको तर एउटै उडानका कारण सप्तरी र आसपासका यात्रुलाई असुविधा भइरहेको गुनासो बढ्दै गएपछि यहाँका जनप्रतिनिधिहरुको पहलमा दैनिक दुई उडान सेवा सम्भव भएको बताइएको छ।

राजविराज विमानस्थल सप्तरीको मात्र नभई सुनसरी, उदयपुर, सिरहाका साथै सीमावर्ती भारतीय क्षेत्रका यात्रुका लागि समेत सहज र महत्वपूर्ण भएकाले दुई वटा उडान संचालन हुने खबरले स्थानीयवासी खुशी भएका छन्।

# सिरक डसना बनाउन भ्याइनभ्याइ

**टुडे समाचारदाता**

बरहथवा। सर्लाहीको हरिपुर नगरपालिका-५ लक्ष्मीपुरका ६५ वर्षीय मोहमद रफिकलाई पछिल्ला दिनमा सिरक डसना बनाउन भ्याइनभ्याइ भएको छ।



सिरक डसना बनाउने पेसाले मनग्य आम्दानी हुने गरेको उनले बताए। रफिकका दुई छोरा सोही काममा वैदेशिक रोजगारीमा छन्। उनको एक छोरा ट्र्याक्टरमा पुरानो लुगा पेलेर सिरक डसना बनाउने काम गर्दै विभिन्न स्थान पुग्ने गरेका छन्। मोहमद भने गाउँ तथा नजिकैको बजार क्षेत्रमा सिरक डस्ना बनाउने काम गर्छन्।

यस कामबाट आम्दानी राम्रो हुने गरेको हरिपुर-५ का कालीगढ हसन मन्सुरले बताए। "सिरक डसना बनाउने काम परम्परागत हुँदै हामीले सिकेका हौं", उनले भने, "व्यापारीले काम दिएको बेला बजारतिरै काम गर्छौं। बाँकी समय गाउँगाउँमै पनि पुग्ने गरेका छौं।"

धनुषा, पर्सा, काठमाडौंसम्म पुगेर सिरक डसना बनाउने काम गरेको रफिकले बताए। उनका अनुसार एक जना कालीगढले दिनमा सात वटासम्म सिरक वा डसना बनाउन सक्छन्। पसले वा स्थानीयबाट लम्बाइ र चौडाइ हेरेर एउटा सिरक वा डसना बनाएको कम्तीमा सात सय ज्याला लिने गरेको उनको कथन छ।

सिरक डसना बनाउन सम्पूर्ण सामान साहुले नै उपलब्ध गराइदिन्छन्। कपास फिट्ने लाठी र सियोको भरमा मनग्य आम्दानी गर्ने गरेको मन्सुरको भनाइ छ। जस्तोसुकै भए पनि सीप भएपछि कमाइ गर्न समस्या नहुने उनी बताउछन्। औपचारिक शिक्षा नलिएका तीनै जनाले आफ्ना बुबाबाजेबाट सिकेको सीप लिएर स्वरोजगार बनेको बताए। मेहनत गर्न सक्दा गाउँ ठाउँमै काम पाइने उनको भनाइ थियो।

यामको तीन/चार महिना कात्तिक, मङ्सिर, पुस र माघसम्म मासिक डेढ लाखको हाराहारीमा आम्दानी गर्ने गरेको रफिकले बताए। "दिनको झण्डै रु पाँच हजारसम्म आम्दानी हुन्छ", उनले भने, "बिहानैदेखि आँखा देखुञ्जेल काम गर्नुपर्छ। सिरक डसना बनाएर कमाएको आम्दानीले परिवारका सात जनाको भरणपोषण गर्ने गरेको उनको भनाइ थियो", "अहिले छोराहरू पनि कमाउन जान्छन्", अर्का कालीगढ हाफिज मन्सुले भने, "तर, घरमा भएका बुहारी नातिनातिनीहरु सबैको लालनपालन आफैंले गरिरहेको छु।" कमाइ नभए कसरी परिवार पाल्नु उनले प्रश्न गरे। हफिजका अनुसार पछिल्लो समय विभिन्न प्रकारका म्याटेसलगायतको बजारले सिरक डसनाको माग कम हुँदै गएको छ।

यसरी सिरक डसनाको मागसँगै बनाउने पेसासमेत सङ्कटमा पर्दै गएकोमा उनले दुखेसो गरे, "बजारमा विभिन्न म्याटेस पाहिन्छ। गाउँमा पनि त्यही राख्न थालेका छन्। गाउँगाउँमा ट्र्याक्टरमा उपकरण लिएर हिँड्नेले पुरानो लुगाबाट सिरक डस्ना बनाउन थालेपछि झन कपासको प्रयोग गरेर सिरक डसना बनाउने काम घट्दै गएको छ।"

प्रत्येक वर्ष चिसो बढ्दै जाँदा जाडोको जोहो न्यानो सिरक डसनाको खपत बढ्ने गर्दछ। यस वर्ष पनि समयमै चिसो सुरु भएकाले जिल्लामा सिरक डसना बनाउने जनशक्तिको चहलपहल बाक्लिनुका साथै बजार पसलका समेत सिरक डसनाको माग बढ्दै गएको सर्लाहीको बरहथवा बजारमा सिरक डस्ना व्यापार गर्ने राम देरेश ठाकुरले बताए।

# १७ वर्षदेखि खेलकुद महोत्सव

**टुडे समाचारदाता**

राजविराज। एक विद्यालयका संस्थापक परिवारले विगत १७ वर्षदेखि आमाको स्मृतिमा निरन्तर खेलकुद महोत्सवको आयोजना गर्दै आएका छन्।

राजविराज २ स्थित लिटिल फ्लावर सेकेन्ड्री स्कुलकी संस्थापिका स्व. यशोधादेवी देवको नाममा पुरस्कार कोष नै स्थापना गरी विगत १७ वर्षदेखि देव परिवारले खेलकुद महोत्सवको आयोजना गर्दै आएका छन्।




यसैक्रममा उक्त विद्यालय खेल मैदानमा विगत एक सातादेखि संचालन भइरहेको "यसोधादेवी देव मेमोरियल भलिबल रनिङ ट्रफी च्याम्पियनशीप तथा वार्षिक खेलकुद महोत्सव" सोमबार सकिएको छ।

महोत्सव अन्तरगत भलिबलका साथै टेबुल टेनिस र एथलेटिक्स खेलमा विद्यालयका विद्यार्थीहरुबीच प्रतिस्पर्धा गराइएको थियो।

भलिबल खेलको अन्तिम प्रतिस्पर्धामा छात्र तर्फ रेड हाउस तथा छात्रा तर्फ एलो हाउस टिम बिजयी भए।

विद्यालयका संस्थापक प्रिन्सिपल डा. कमानन्द देवको अध्यक्षतामा भएको पुरस्कार वितरण समारोहमा प्रमुख अतिथि नेपाल खेलकुद पत्रकार मञ्च सप्तरीका अध्यक्ष मनोज कुमार माझीले बिजयी खेलाडीहरुलाई ट्रफी, सम्मान पत्र तथा नगद पुरस्कार प्रदान गरे।

सो अवसरमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष साण्डलीदेवी देव, संचालक सदस्य डा. बन्दना देव, सहायक प्रिन्सिपल पुनीलाल साह, समाजसेवी मोहिनी साफी, लोकेश मिश्र, बिजयकृष्ण मंडल लगायतको उपस्थिति रहेको थियो।

विद्यालयका प्रिन्सिपल डा. कमानन्द देव विद्यालयका संस्थापिका स्व. यसोधादेवी देवका सुपुत्र हुन्। उनले निजी लगानीमा आमाको नाममा पुरस्कार स्थापना गरी विगत १७ वर्षदेखि निरन्तर रुपमा खेलकुद महोत्सव आयोजना गरिदै आएको बताए। उनले आमाका लागि विशेष उपहारका रुपमा यो खेलकुद महोत्सव रहेको बताउँदै यसमा लाग्ने सम्पूर्ण खर्च संस्थापक परिवारले व्यहोर्ने गरेको जानकारी समेत दिए। उनले शिक्षा र खेलकुद एउटै सिक्काको दुई पाटा रहेको भन्दै शिक्षा र खेलकुदसँगै लिएर अघि बढेको बताए।

विद्यालय स्तरबाट उत्कृष्ट खेलाडीको उत्पादन तथा उनीहरुको शारीरिक र मानसिक विकासका लागि समेत खेलकुद महोत्सव जस्तो कार्यक्रम रोजेको उनको भनाई छ।

**चिसौबाट बचौं**

- जोडाबाट बच्न बाक्लो तथा न्यानो कपडा लगाऔं,
- तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- बालबालिका तथा बृद्धबृद्धालाई तेल मासिल गरिदिऔं,
- बढी चिसोमा मर्निङ्गवाक नगरौं,
- दैनिक घाम ताप्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८